नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

केन्द्रीय कमिटीको पाँचौं बैठक (२०७९ माघ २१-२२) मा प्रस्तुत

# राजनीतिक प्रतिवेदन

प्रिय कमरेडहरू,

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि दोस्रो पटक आयोजित प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन यही २०७९ मंसिर ४ मा सम्पन्न भएको छ । उक्त निर्वाचनको विभिन्न कोणबाट समीक्षा भैरहेको छ । हामी त्यही निर्वाचनको समीक्षालगायतका कार्यसूचीसहित यस बैठकमा उपस्थित भएका छौं । यस बैठकमा हामीले २०७९ असार १४ मा सम्पन्न केन्द्रीय परिषद्को प्रथम बैठकपश्चात् गरिएका पार्टी कामको र खासगरी प्रतिनिधि सभा एवं प्रदेश सभा सदस्य निर्वाचन २०७९ को समीक्षा गर्नेछौं । साथै वर्तमान राजनीतिक परिस्थितिको ठोस विश्लेषण पनि गर्नेछौं । निर्वाचनको समीक्षाबाट निकालिएका निष्कर्ष र राजनीतिक परिस्थितिको ठोस विश्लेषणका आधारमा यस बैठकबाट आगामी कार्ययोजना तय गर्नेछौं । उपर्युक्त कार्यसूचीका साथ आयोजित यस बैठकको प्रारम्भमा म सर्वप्रथम यहाँ उपस्थित सम्पूर्ण कमरेडहरूलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु । सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै पार्टीका संस्थापक महामन्त्री कमरेड पुष्पलाल, प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारी र जननेता कमरेड मदन भण्डारीलगायत सबै अग्रज नेताहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

## १. वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति

अहिले अन्तर्राष्ट्रिय परिस्थिति तनावपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । साम्राज्यवाद, प्रभुत्ववाद र एकाधिकार एवं वित्तीय पूँजीवाद सङ्कटग्रस्त अवस्थाबाट उम्किन तथा आफ्नो अस्तित्व र प्रभावको रक्षा गर्नका लागि नयाँ-नयाँ आर्थिक, सामरिक र प्रतिरक्षात्मक रणनीति तयार गर्न लागिपरेको छ । विश्व शक्ति सन्तुलन आफ्नो पक्षमा राख्न विभिन्न खाले शैन्य गठबन्धन निर्माणमा लागिरहेको छ । अमेरिकाले हिन्द प्रशान्त रणनीति (IPS) लाई जोडदार रुपमा अघि बढाउने प्रयत्न गर्दै छ। चार देशीय सुरक्षा समझदारी (QUAD) र तीन देशीय सुरक्षा समझदारी (AUKUS) जस्ता गठबन्धन बनाएर क्षेत्रीय स्तरमा रणनीतिक साझेदारी कायम राख्न खोजिरहेको छ । त्यसैगरी उत्तर एटलान्टिक सन्धि सङ्गठन (NATO) को सदस्य संख्यामा विस्तार गरी त्यसको सामरिक क्षमता बृद्धि गर्ने प्रयत्न गरिरहेको छ । साथै हिन्द प्रशान्त क्षेत्रमा आफ्नो सामरिक क्षमता बृद्धि गर्ने र समाजवादी चीनलाई आर्थिक एवं सामरिक रुपमा अघि बढ्न नदिने प्रयत्नमा छ ।

यसैबिच युक्रेन-रुस युद्ध झनै गम्भीर मोडमा पुगेको छ । पश्चिमा शक्ति रुसको प्रभाव क्षेत्र र क्षमता कमजोर पार्न लागिपरेको छ । कतिपय राष्ट्रले युक्रेन युद्धमा आफ्नो संलग्नतालाई निरन्तर बृद्धि गर्दै गएका छन् । अत्याधुनिक क्षेप्यास्त्र, टयाङ्कलगायत युद्ध सामग्रीहरू युक्रेन पठाएर युद्धलाई झनै चर्काउँदै लगेका छन् । उत्तर एटलान्टिक सन्धि सङ्गठनसम्बद्ध केहि राष्ट्रहरू पनि यस कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुन खोजिरहदा युद्ध अझै ध्वंसात्मक हुने सम्भावना बढ्दै छ । यसबाट युरोपेली क्षेत्रमा मात्रै होइन विश्वभरि नै गम्भीर नकारात्मक प्रभाव पर्ने देखिन्छ । साथै विश्व शक्ति सन्तुलनमा हलचल आउने र आर्थिक विकासमा वाधा पुग्ने देखिन्छ । खाद्यान्नको अभाव, महङ्गी, विश्व व्यापारमा गिरावट, इन्धनको मुल्यमा बृद्धी तथा विश्व आर्थिक मन्दीको सङ्कट पैदा हुने स्थिति देखिएको छ । सङ्कटलाई अझ गहिरो र युद्धलाई अझ भयङ्कर

दुस्प्रभावी बन्न नदिन युद्धरत मुलुक र सहयोगी राष्ट्रले गम्भीरतापूर्वक लिनुपर्ने, युद्ध विरामको बाटो हुँदै शान्ति प्रक्रियामा संलग्न हुनुपर्ने र यसका लागि संयुक्त राष्ट्र सङ्घ लगायतका निकायहरू प्रभावकारी ढङ्गले परिचालित हुनुपर्ने देखिन्छ ।

पुँजीवादभित्र विश्वव्यापी रुपमा चरम सङ्कट पैदा हुँदै गर्दा वित्तीय तथा एकाधिकार पुँजीवाद र यसका दलालहरूले श्रमजीवी जनतामाथिको शोषण र दमन अझ चर्को बनाउदै लगिरहेका छन । यसको मारमा प्रत्येक मुलुकभित्रका घरेलु कामदार वर्ग मात्रै होइन बहुसंख्यक आप्रवासी श्रमिकहरू पनि चरम शोषणमा परेका छन् । यसका अरिरिक्त अन्तराष्ट्रिय स्तरमा मुद्रा अपचलन र गैर बैकिङ प्रणालीमा मुद्रा कारोवार र विप्रेशण गर्ने गिरोहहरू, तस्कर, लागु औषधी कारोवार गर्ने अपराधीहरू, मानव बेचविखन गर्ने दलालले गैर कानुनी सञ्जालहरू बनाएका छन् । हाम्रो जस्तो कमजोर अर्थतन्त्र भएको मुलुकमा यस्ता गतिविधिले आर्थिक सङ्कट बढाउने काम गरेको छ ।

साम्राज्यवादी तथा पुँजीवादी शक्ति राष्ट्रको हस्तक्षेपकारी कार्यका बावजुत चीनले वैज्ञानिक समाजवाद निर्माणको कार्यदिशालाई अनवरत रुपमा अगाडि बढाईरहेको छ । राष्ट्रपति सी.को नेतृत्वमा चीनले अर्थव्यवस्थालाई अझ बढी उत्पादन तथा जनमुखी बनाउन प्रयन्त गरिरहेको छ । विकासशील राष्ट्रहरूसँग बहुपक्षीय र दुई पक्षीय सहयोग अभिबृद्धी गर्दै चीनले विश्व शक्ति सन्तुलनमा नयाँ गति दिन प्रयत्न गरिरहेको छ । BRI जस्ता अन्तराष्ट्रिय आर्थिक सहयोग र समझदारीको कार्यक्रमलाई अघि बढाएको छ । हाम्रो जस्तो मुलुकले भूराजनीतिक अवास्थाको हेक्का राख्दै यस्ता सहयोगलाई अधिकतम रुपमा परिचालन गर्ने नीति अवलम्वन गर्नुपर्ने हुन्छ ।

पश्चिमी गोलार्धमा पर्ने अमेरिकी प्रभावक्षेत्र मानिएको ल्याटिन अमेरिकी मुलुकहरूमा एकपछि अर्को गर्दै समाजवादी कार्यदिशा अङ्गालेका वामपन्थी पार्टीहरू सरकारको नेतृत्वमा पुगेका छन । नव उदारवाद र वित्तीय पुँजीवादको शोषण र चेपुवामा परेका ल्याटिन अमेरिकी जनताले वाम आन्दोलनलाई अभूतपूर्व रुपमा अङ्गिकार गरेका छन् । सन् २०१८ मा मेक्सिकोमा वामपन्थी पार्टीले सरकार बनाएपछि २०१९ मा अर्जेन्टिनामा पनि वामपन्थी शक्तिको सरकार बन्न सफल भयो । २०२० मा बोलियिया, पेरु र होंडुरसमा पनि राजनीतिक नेतृत्व परिवर्तन भयो र समाजवादी उद्देश्य बोकेका वामपार्टीहरू सत्तामा पुगे । २०२१ मा चिलीमा साम्राज्यवादी र प्रभुत्ववादीहरूलाई आश्चर्य चकित तुल्याउदै युवा वामपन्थी नेता वोरिकले सरकारको नेतृत्व सम्हाले । २०२२ मा ब्राजिलमा कैयन षड्यन्त्र, दमन र धाँधलीका बाबजुद लुलाले कट्टर दक्षिणपन्थी नेता बोल्सेनारोलाई निर्वाचनमा पराजित गरी पुनः सत्ता प्राप्त गरेका छन् । त्यसैगरी गतवर्ष वोलिमियामा पनि वाम सरकार बनेको छ । ल्याटिन अमेरिकामा आएको वाम तथा समाजवादी आन्दोलनको लहरले विश्वव्यापी रुपमा नयाँ उमङ्ग पैदा भएको छ र विश्वभरिका श्रमजीवी जनतामा आशा पलाएको छ । अर्को ल्याटिन अमेरिकी मुलुक क्युवा कैयन वाधा र व्यवधानको बाबजुद साम्राज्यवादसँग जुझ्दै समाजवादको बाटोमा दृढतापुर्वक अघि बढिरहेको छ ।

युरोपेली मुलुकहरूमा पनि कम्युनिष्ट र वामपन्थी पार्टीहरू पुँजीवादी उत्पीडन र बहुराष्ट्रिय निगमहरूको चर्को शोषण बिरुद्ध र श्रमजीवी जनताको मुक्तिका लागि विचारधारात्मक र राजनीतिक आन्दोलनहरू गरिरहेका छन् । गतवर्ष साइप्रसमा भएको संसदीय चुनाबमा श्रमजीवि जनताको प्रगतिशील पार्टीले २५% मत पाएको छ । स्पेन, ग्रिस, फ्रान्स, पोर्चुगल, हंगेरी, चेक गणतन्त्र आदिमा कम्युनिष्ट र वामपन्थीहरूले नयाँ सिरावाट आन्दोलन उठाउने प्रयत्न गरिरहेका छन् । स्क्यान्डिनेभियन र पूर्वी युरोपका मुलुकमा कम्युनिष्ट पार्टीहरूले प्रजातान्त्रिक समाजवादीहरूसँग सहकार्य गर्न र चुनावमा तालमेल गरेर अगाडि बढ्न खोजिरहेका छन् । अमेरिकालगायत विकसित भनिने मुलुकहरूमा श्रमजीवी जनता र मानवताको पक्षमा ठुला-ठुला

आन्दोलनहरू उठ्न थालेका छन् । हालै बेलायत, फ्रान्सलगायतका युरोपेली मुलुकमा भएको हड्तालबाट त्यही सङ्केत पाइँछ ।

श्रीलंका, भारत, पाकिस्तान, बंगलादेश आदि एशियाली मुलुकहरूमा पनि जन सङ्घर्ष फैलिदै गएको छ । वित्तीय पुँजीवादको भूमण्डलीकरण, एकाधिकार पुँजीवाद र बहुराष्ट्रिय निगमको शोषणका विरुद्ध चर्को आवाज उठ्न थालेको छ । यी सबै घटनाले विश्वव्यापी रुपमा वर्ग संघर्ष विकास हुने क्रममा रहेको संकेत गर्दछन् ।

मानव अधिकार, लैगिक समानता, जातीय समानता, जलवायु परिवर्तन, आप्रवासन र आप्रवासी श्रमजीवीका हक अधिकार आदि विषय पनि उत्पीडित समुदायका साझा मुद्दा बन्दै गएका छन् । हामी श्रमजीवी जनताका तमाम माग र आन्दोलनप्रति समर्थन र एक्यबद्धता प्रकट गर्दछौ ।

## २. राष्ट्रिय राजनीतिक परिस्थिति

वर्तमान राष्ट्रिय राजनीतिक परिस्थिति तरल अबस्थामा छ । प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनपश्चात् मुलुकमा स्थिरता कायम हुनेछ भन्ने जुन अपेक्षा गरिएको थियो त्यस विपरीत मुलुक अस्थिरतातर्फ धकेलिन सक्ने खतरा पैदा भएको छ । निर्वाचन सम्पन्न भएपछि हामीले केन्द्रीय सचिवालय, स्थायी कमिटी र पालिटब्युरोका बैठक बसी मुलुकको वर्तमान परिस्थितिको सामान्य विश्लेषण गरेका छौं । निर्वाचन सम्पन्न भएबाट संविधानको कार्यान्वयन र लोकतन्त्रको अभ्यासमा केही सकारात्मक योगदान त भएको छ तर जुन त्रि-सङ्कु प्रतिनिधि सभा बनेको छ त्यसबाट मुलुक अस्थिरतातर्फ धकेलिन सक्ने खतरा उत्पन्न भएको छ । अहिलेको प्रतिनिधि सभा त्रि-सङ्कु मात्र होइन खिचडी प्रकृतिको समेत छ । त्यहाँ गणतन्त्रवादी र गणतन्त्र विरोधी, सङ्घीयतावादी र सङ्घीयता विरोधी, धर्म निरपेक्षतावादी र धर्मसापक्षतावादी, परिवर्तनकारी र पुनरुत्थानवादी, यथास्थितिवादी र अग्रगामी आदि चरित्रका राजनीतिक शक्तिहरू उपस्थित छन् । यी शक्तिहरूबिचको द्वन्द्वले गर्दा मुलुकमा अस्थिरता तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि खतरा निम्तिन सक्तछ । भूराजनीतिक जटिलता थपिदै जाने र राष्ट्रियतामाथि दखल पुग्नसक्ने खतरा छ ।

निर्वाचनबाट मुलुकको राजनीतिक शक्ति सन्तुलनमा परिवर्तन भएको छ । स्थापित राजनीतिक दलहरूको जनमत आम रूपमा घटेको छ । २०७४ को निर्वाचनमा मुलुकको पहिलो दल बनेको नेकपा (एमाले) यस पटक दोस्रो स्थानमा ओर्लिएको छ भने त्यसबेला दोस्रो स्थानमा रहेको नेपाली काँग्रेस अहिले पहिलो बन्न पुगेको छ यद्यपि त्यसको लोकप्रिय मत भने घटेको छ । तेस्रो स्थानमा रहेको माओवदी केन्द्र तेस्रो स्थानमै रहेता पनि लोकप्रिय मत त्यसको पनि घटेको छ । चौथो र पाँचौं स्थानमा रहेका मधेशवादी दलहरू पछि परेका छन् । हाम्रो पार्टी पनि अपेक्षा गरिएभन्दा पछाडि परेको छ । राजतन्त्र पुनःस्थापना गर्न चाहने राप्रपाको जनमत बढेको छ । स्पष्ट सिद्धान्त, विचार र कार्यदिशा केही नभएको केवल पुराना पार्टी र तिनका नेतालाई गाली गरेर उदाएको रास्वपा, विगतमा पृथकतावादी गतिविधि चलाएका सिके राउतको जनमत पार्टी र थारु पहिचानको माग उठाएका रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टी समेत नयाँ शक्तिको रूपमा अस्तित्वमा आएका छन् ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको असंवैधानिक ढङ्गले प्रतिनिधि सभा विघटन गर्ने प्रतिगामी कदमका विरुद्ध संङ्घर्ष गर्ने क्रममा निर्माण भएको वाम लोकतान्त्रिक गठबन्धन ‘संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि वाम-लोकतान्त्रिक गठबन्धन’ भन्ने प्रतिबद्धताका साथ निर्वाचनमा गएको थियो । यस प्रतिबद्धता अनुसार निर्वाचनपछि उक्त वाम-लोकतान्त्रिक गठबन्धनकै सरकार बन्नु पर्दथ्यो तर नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ दुबैले आफु

पहिले प्रधानमन्त्री बन्नुपर्ने अडान लिएको र एक पटक बचन दिइसकेका शेरबहादुर देउवा प्रचण्डलाई पहिलो चरणमा प्रधानमन्त्री बनाउन तयार नभएपछि प्रचण्ड अप्रत्यासित रूपमा एमालेसहितका दलहरूसँग गठबन्धन गरी प्रधानमन्त्री बन्न गएकाले निर्वाचनका बेला कायम रहेको वाम-लोकतान्त्रिक गठबन्धन भङ्ग भएको छ । यसरी अप्रत्यासित रूपमा नपाँ परिस्थिति उत्पन्न हुनुमा निम्न कारण रहेका छन् :

१. निर्वाचनबाट ठूलो दल बनेपछि नेपाली काँग्रेसमा शक्तिको घमण्ड बढ्नु ।
२. नेपाली काँग्रेससँग सही सूचना नहुनु र उसले गलत सूचनामा विश्वास गर्नु ।
३. केपी ओलीले उपर्युक्त वाम-लोकतान्त्रिक गठबन्धनलाई जसरी पनि तोडिछाड्ने उद्देश्य राखेर चालबाजीपूर्ण कदम चाल्नु ।
४. माओवादी केन्द्रको सत्ताकेन्द्रीत सोंच र आफुलाई लाभ हुने भएपछि विचार, नीति, सिद्धान्त, दृष्टिकोण र सहयात्री साथीहरू सबै त्यागेर हिड्ने प्रवृत्ति ।

नेकपा (माओवादी केन्द्र) अप्रत्यासित रूपमा निर्वाचनका बेलाको गठबन्धन छाडी नयाँ गठबन्धनमा गएपछि नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राप्रपा, जसपा, रास्वपा, नाउपा र जनमत पार्टी मिलेर सत्ता गठबन्धन बनेको छ। यो गठबन्धन खिचडी प्रकृतिको छ। यसमा संविधानको पालना नगर्ने एमाले, गणतन्त्रको पक्षधर माओवादी केन्द्र र गणतन्त्रको विरोधी एवं हिन्दू राज्य र राजतन्त्र पुनःस्थापना गर्न चाहने राप्रपा, सङ्घीयताको पक्षधर जसपा र सङ्घीयता विरोधी राप्रपा एवं रास्वपा, जातीय पहिचानवादी नाउपा र पृथकतावादी पृष्ठभूमिको जनमत पार्टी एकै ठाउँमा रहेका छन् । यो गठबन्धन प्रगतिशील चरित्रको छैन । यसको वैचारिक धरातल र राजनीतिक गन्तव्य केही पनि स्पष्ट छैन । त्यसैले यो विचारहिन र अराजनीतिक चरित्रको छ । यसलाई वाम-दक्षिणपन्थी खिचडी गठबन्धन भन्नु उपयुक्त हुन्छ ।

आजको अवस्था हिजो दुईदुई पटक प्रतिनिधि सभा विघटन गर्ने तत्कालीन प्रधानमन्त्री केपी ओलीको असंवैधानिक कार्यबाट सुरुभएको प्रतिगमनकारी यात्राकै परिणाम हो । तिनै केपी ओली वर्तमान सत्ता गठबन्धनले निर्माण गरेको राजनीतिक सन्यन्त्रको प्रमुख बनेका छन् । उनले आफ्नो दृष्किोण र उद्देश्य अनुरुप गठबन्धनलाई घोर दक्षिणपन्थी दिशातर्फ लाने प्रयत्न गर्दै छन् ।

वर्तमान सत्ता गठबन्धनले निर्माण गरेको सरकार पनि प्रगतिशील होइन खिचडी चरित्रकै छ । सरकारको स्वरूप एकदमै भद्दा छ । चारचारओटा उपप्रधानमन्त्री राखिएको छ र स्वार्थ बाझिने गरी मन्त्रीहरू नियुक्त गरिएको छ । राजनीतिक रूपमा अपरिपक्व व्यक्तिहरू मन्त्री बनेका छन् । सत्ता गठबन्धनका नेता र मन्त्रीहरूका अभिव्यक्ति र प्रतिबद्धताहरू यथार्थसँग पटक्कै मेल नखाने खालका छन् । उनीहरूका अभिव्यक्तिबाट संविधान, गणतन्त्र र सङ्घीयतामाथि खतरा पैदा भएको छ। त्यसले गर्दा जनतामा नकारात्मक प्रभाव पर्न थालेको छ । गठबन्धनभित्रै पनि मतभेद र असन्तुष्टि देखापरेको छ । राजनीतिक वृत्तमा एक प्रकारको अन्योल सिर्जना भएको छ । विचारहिन र अराजनीतिक सत्ता गठबन्धन बनेको हुँदा मुलुकमा राजनीतिक स्थिरता कायम हुने होइन बरु अस्थिरताको खतरा बढेको छ ।

यतिबेला मुलुकमा बाह्य शक्तिहरूको चलखेल बढेर गएको छ । समाजवादी कार्यदिशा आँगालेका शक्तिहरू विरुद्ध प्रहार भैरहेको छ । मुलुकको आर्थिक अवस्था झनै सङ्कटग्रस्त हुँदै गएको छ । राजनीतिक क्षेत्र एक प्रकारको अनिश्चयात्मक परिस्थितिबाट गुज्रिरहेको छ । हाम्रो पार्टीले सहमति र स्थिरता कायम गर्न सकिन्छ कि भन्ने सोचेर तपशीलका पन्ध्र बुँदे सुझावसहित प्रधानमन्त्रीलाई विश्वासको मत दिएको छ :

१. राष्ट्रियता र राष्ट्रिय स्वाभिमानलाई सर्वोपरि रूपमा ध्यान दिनुपर्ने ।
२. सन्तुलित परराष्ट्रनीति लिनुपर्ने र नेपाल कसैको खेल मैदान नबनोस् भन्नेमा चनाखो हुनुपर्ने
३. संविधानको रक्षा, परिपालना र सङ्घीयताको कार्यान्वयन गर्नुपर्ने ।
४. सुशासनको सुनिश्चितता हुनुपर्ने र भ्रष्टचारीलाई संरक्षण होइन कार्वाही हुनुपर्ने ।

५. सङ्कटग्रस्त अर्थतन्त्रलाई लयमा ल्याउन विज्ञ तथा सरोकारवालाहरू सँग छलफल गरेर उपयुक्त पहल कदमी लिनु पर्ने । अनावश्यक सरकारी खर्च कटौती गर्नुपर्ने । कृषिको आधुनिकरण, स्वदेशी कच्चा पदार्थमा आधारित घरेलु, ग्रामिण, साना तथा मझौला यद्योगहरूको प्रवद्धन, जलविद्युत र पर्यटन क्षेत्रको विकास गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ अग्रसर हुनुपर्ने ।
६. नेपाली नमुनाको समाजवादका आधार तयार गर्नुपर्ने ।
७. वेरोजगारी समस्या समाधान गर्नुपर्ने र देशभरका युवाहरूलाई शीपमुलक तालिमको व्यवस्था गर्नुपर्ने ।
८. जनजीविकाको समस्या समाधान गर्नुपर्ने र महँगी एवं कालोबजारी नियन्त्रण गर्नुपर्ने ।
९. सुसंस्कृत समाजको निर्माण गर्नुपर्ने ।
१०. सवैखाले भाषा, संस्कृति र धर्मको सम्मान गर्नुपर्ने ।
११. राष्ट्रिय प्राथमिकता आधारमा भौतिक संरचनाहरूको विकास गर्नुपर्ने ।
१२. वन तथा वातावरण संरक्षण गर्नुपर्ने र विशेषगरी चुरे तथा जलाधर क्षेत्रको संरक्षणमा विशेष जोड दिनुपर्ने ।
१३. वैज्ञानिक शिक्षाको व्यवस्था गर्दै शैक्षिक गुणस्तर र स्वास्थ्य प्रणालीमा सुधार गर्नुपर्ने ।
१४. कार्यशैलीमा परिवर्तन गर्दै जनतालाई झझट रहित छिटो र छरितो सेवा प्रवाह गर्नुपर्ने ।
१५. समावेशीताको सुनिश्चितता हुनुपर्ने ।

हामीले सरकारमा सामेल हुन समर्थन गरेका होइनौं, सहमतिको वातावरण निर्माण गर्न सकिन्छ कि भन्ने आशयले उक्त सुझावसहित प्रधानमन्त्रीलाई विश्वासको मत मात्र दिएका हौं । नेकपा (माओवादी केन्द्र) विगत गठबन्धनको वाम सहयात्री भएकाले शङ्काको सुविधा पनि दिएका हौं । संसदको सबैभन्दा ठूलो दल नेपाली काँग्रेसले पनि सरकार गठन गर्नका लागि समर्थन होइन सहमतिकै आशयले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको छ । मुलुकलाई सहमतिको मार्गमा डोऱ्याउने कि नडोऱ्याउने भन्ने जिम्मा अब नेकपा (माओवादी केन्द्र) र त्यस पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को हातमा रहेको छ ।

## ३. राजनीतिक शक्तिहरू

अहिले मुलुकको राजनीतिक रङ्गमञ्चमा विभिन्न खाले राजनीतिक दर्शन, सिद्धान्त, विचार र दृष्टिकोण अँगालेका र विभिन्न चरित्र भएका राजनीतिक शक्तिहरू क्रियाशील छन् । ती राजनीतिक शक्तिहरू संसदभित्र समेत क्रियाशील छन् भने केही संसद बाहिर मात्रै क्रियाशील छन् । संसद बाहिर खासगरी बिप्लव समूह, वैद्य समूह आदि कम्युनिष्ट आन्दोलनभित्रका केही घटकहरू रहेका छन् । संसदभित्र अनेक चरित्रका राजनीतिक दलहरू क्रियाशील छन् । तिनीहरूको संक्षिप्त चित्रण निम्नानुसार गर्न सकिन्छ :

**३.१. नेपाली काँग्रेस :** अहिले प्रतिनिधि सभाको सबैभन्दा ठुलो दलका रूपमा रहेको नेपाली काँग्रेस पुँजीपति वर्ग चरित्रको पार्टी हो । नव उदारवादको पक्षपोषण गर्ने यस पार्टीले दलाल पुँजीपति वर्गको समेत हित प्रतिनिधित्व गर्दछ । तथापि यो पार्टी संविधान र लोकतन्त्रको रक्षाप्रति प्रतिबद्ध रहेको पाइन्छ ।

**३.२. नेकपा (एमाले) :** प्रतिनिधि सभाको दोस्रो ठुलो दलका रूपमा रहेको नेकपा (एमाले) दक्षिणपन्थी अवसरवादी चरित्रको कम्युनिष्ट पार्टी हो । यसको वर्ग अडान स्पष्ट छैन । दलाल पूँजीपति वर्गसँगको लसपसले गर्दा यसको नेतृत्व तीब्र गतिमा दक्षिणपन्थी हुँदै गएको छ । यो पार्टी संविधान र लोकतन्त्रप्रति प्रतिबद्ध छैन । विगतको व्यवहारलाई हेर्दा यसले आफ्नो स्वार्थका निम्ति संविधान र लोकतन्त्रलाई मास्न पनि बेर लाउँदैन भन्ने देखिन्छ ।

**३.३. नेकपा (माओवादी केन्द्र) :** प्रतिनिधि सभाको तेस्रो ठुलो दलका रूपमा रहेको नेकपा (माओवादी केन्द्र) ढुलमुले चरित्रको कम्युनिष्ट पार्टी हो । यसको पनि वर्ग अडान स्पष्ट छैन । सशस्त्र द्वन्द्वबाट शान्ति

प्रक्रियामा आएको यो पार्टी शान्ति प्रक्रिया लम्बिदै गएपछि सत्ताको वरिपरि केन्द्रित हुँदै गएको छ। यो पार्टी संविधान र लोकतन्त्रप्रति प्रतिबद्ध नै छ तर सत्तास्वार्थका निम्ति कुनै पनि बेला जुनसुकै कदम चाल्न सक्ने अस्थिर र ढुलमुले प्रवृत्ति यसमा देखिएको छ।

**३.४. रास्वपा :** प्रतिनिधि सभाको चौथो स्थानमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी पुँजीपति वर्ग चरित्रको पार्टी हो। यस पार्टीको दर्शन, सिद्धान्त, विचार र कार्यदिशा केही पनि स्पष्ट छैन। संविधानवादको कुरा गरे पनि गणतन्त्र र सङ्घीयताप्रति यसको दृष्टिकोण के हो भन्ने पनि स्पष्ट छैन। यो पार्टी प्रतिनिधि सभाको विघटन र नेकपाको विभाजनले उत्पन्न गरेको राजनीतिक अन्योल र सामाजिक निराशाको परिस्थितिमा सस्तो लोप्रिय नारा दिएर उदाएको पार्टी हो। सस्तो लोप्रियतावादले सर्वसाधारण जनतामा भ्रम दिएर प्रतिकृयावादको सेवा गर्ने गर्दछ। यसले पनि त्यही भूमिका निर्वाह गर्दै छ।

**३.५. राप्रपा :** प्रतिनिधि सभाको पाँचौ स्थानमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी सामन्ती तथा दलाल नोकरशाही पुँजीपति वर्ग चरित्रको पार्टी हो। यो पार्टी समाजमा अवशेषको रुपमा रहेको सामन्ती पछौटे एवं लम्पट चिन्तनको प्रतिनिधि हो। यो संविधान, गणतन्त्र र सङ्घीयता विरोधी पार्टी हो। यसले जनताको क्रान्तिकारी आन्दोलनले उखेलेर फ्याँकेको सामन्ती राजतन्त्रलाई पुनःस्थापना गर्न चाहन्छ।

**३.६. जसपा :** प्रतिनिधि सभाको छैंठौं स्थानमा रहेको जनता समाजवादी पार्टी प्रजातान्त्रिक साजवादी सिद्धान्त आँगालेको पार्टी हो। मुख्यतः मधेश प्रदेशमा प्रभाव राख्ने यो पार्टी मधेशको मध्यम वर्गीय तप्काको प्रतिनिधि हो। यो संविधान, गणतन्त्र र सङ्घीयताप्रति प्रतिवद्ध रहेको छ।

**३.७. जनमत पार्टी :** प्रतिनिधि सभाको आठौं स्थानमा रहेको जनमत पार्टी विगतमा मधेशलाई नेपाली उपनिवेशबाट मुक्त गरी स्वतन्त्र राज्य बनाउनु पर्दछ भन्ने पृथकतावादी सोंच आँगालेको पार्टी हो तर अहिले संविधान मान्ने र त्यस अन्तर्गत रहेर राजनीति गर्ने गरी अगाडि बढेको छ। यो पार्टी गणतन्त्र र सङ्घीयताप्रति प्रतिवद्ध रहेको छ।

**३.८. लोसपा :** प्रतिनिधि सभाको नवौं स्थानमा रहेको लोकतान्त्रिक समाजवादी पार्टी बुर्जुवा चरित्रको पार्टी हो। मुख्य गरी मधेश प्रदेशमा केन्द्रित रहेको र मधेसका मुद्दामा नै बढी चासो राख्ने यो पार्टी पनि मधेशको मध्यम वर्गीय तप्काको प्रतिनिधि हो। यो गणतन्त्र र सङ्घीयताप्रति प्रतिवद्ध रहेको छ।

**३.९. नाउपा :** संसदको दशौं स्थानमा रहेको नागरिक उन्मुक्ति पार्टी जातीय पहिचान र अधिकारमा जोड दिने पार्टी हो। यो पार्टी थारु जातिको पहिचान र अधिकारलाई मुख्य विषय बनाएर सङ्गठित एवं क्रियाशील छ। यसको वर्ग चरित्र स्पष्ट छैन।

**३.१०. नेमकिपा :** प्रतिनिधि सभाको एघारौं स्थानमा रहेको नेपाल मजदुर किसान पार्टी जडसूत्रवादी एवं अत्यन्त सङ्कीर्ण चरित्रको कम्युनिष्ट पार्टी हो। यो पार्टी मूलतः श्रमजीवी वर्गको पक्षमा उभिन्छ तर नेतृत्वमा रहेको निम्नमध्यम वर्गीय जडता र सङ्कीर्णताले गर्दा निरन्तर खुम्चिदै गएको छ। भक्तपुर जिल्लामा सीमित यो पार्टी संविधान र गणतन्त्रप्रति प्रतिबद्ध नै छ।

**३.११. राजमो :** प्रतिनिधि सभाको बाह्रौं स्थानमा रहेको राष्ट्रिय जनमोर्चा नेकपा (मसाल) को खुला राजनीतिक सङ्गठन हो। यो संविधान र गणतन्त्रप्रति प्रतिबद्ध तर सङ्घीयताको विरोधी पार्टी हो।

नेपाली श्रमजीवी वर्गको सच्चा प्रतिनिधिका रूपमा रहेको हाम्रो पार्टी प्रतिनिधि सभाको सातौं स्थानमा छ। यो पार्टी वर्तमान संविधान, गणतन्त्र र सङ्घीयताप्रति प्रतिवद्ध रहदै समाजवादी कार्यदिशा अँगालेर अगाडि बढिरहेको छ। हामीले आजभन्दा करिव १६ महिना पहिले तत्कालीन नेकपा (एमाले) मा व्याप्त दक्षिणपन्थी अवसरवाद एवं विसर्जनवाद, व्यक्तिवादी अहङ्कारवाद, निरङ्कुश एवं स्वेच्छाचारी प्रवृत्ति र चरम गुटबन्दीका साथै संविधानमाथिको आक्रमण र जनक्रान्तिका उपलब्धीमाथि धावा बोल्ने प्रतिगमनकारी कदमका विरुद्ध

विद्रोह गरेर पार्टी पुनर्गठन अभियान सुरु गरेका थियौँ । त्यो अभियान अहिले पनि जारी छ । आजको राजनीतिमा सैद्धान्तिक रुपले हामी नै नेकपाका सच्चा प्रतिनिधि हौँ तर एमालेबाट विद्रोह गरी आएको हुनाले त्यसका कैयन विसङ्गतिहरू हामीसँग पनि आएका छन् । हामीले ती विसङ्गतिहरूबाट आफुलाई मुक्त गरेर अगाडि बढ्नु पर्दछ ।

## ४. विगत कार्ययोजना कार्यान्वयनको समिक्षा

हामीले विद्रोह गर्दा नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरणको अवधारणा अगाडि सारेका थियौँ र त्यस कार्यलाई साङ्गठनिक पुनर्गठन अभियानमार्फत अगाडि बढाउने सोँचका साथ कार्य प्रारम्भ गरेका थियौँ । २०७८ भाद्र ९ मा पार्टी दर्ताको प्रमाण पत्र प्राप्त गरेको केहीदिनपछि २०७८ असोज ५-७ मा बसेको केन्द्रीय कमिटीको प्रथम बैठकबाट तीन महिने कार्ययोजना पारित गरिएको थियो । उक्त कार्ययोजनको कार्यान्वयन गर्ने कार्य तीब्र गतिमा अगाडि बढेको थियो र त्यसै क्रममा पार्टी र जनसङ्गठनका केन्द्रीय संरचनाहरूको निर्माण, सातै प्रदेशमा प्रदेश कमिटीको निर्माण, मनाङबाहेक सबै जिल्लामा जिल्ला कमिटीको गठन तथा ७० प्रतिशतभन्दा बढी पालिका र ४० प्रतिशतभन्दा बढी वडामा कमिटी गठन गर्ने काम भएको थियो । पालिका तहमा कमिटी निर्माणको अभियान चलिरहेको बेला मुलुकमा कोभिड-१९ को सङ्क्रमण व्यापक रूपमा फैलिएकाले हामी अभियान रोक्न बाध्य भयौँ ।

कोभिड-१९ को सङ्क्रमण कम भएपछि २०७८ माघ २५ मा बसेको केन्द्रीय सचिवालयको १३औँ बैठकले सङ्गठन निर्माणको विशेष अभियान पुनः सञ्चालन गर्ने निर्णय गरेको थियो र २०७८ फागुन २५-२६ मा बसेको केन्द्रीय कमिटीको तेस्रो बैठकले पनि एउटा तात्कालिक कार्ययोजना पारित गरेको थियो । उपर्युक्त कार्ययोजना कार्यान्वयन गर्ने क्रममै रहेको बेला हामी स्थानीय तहको निर्वाचनमा होमिनुपऱ्यो । त्यसले गर्दा कार्ययोजना पूर्ण रुपले कार्यान्वयन हुन पाएन ।

२०७९ वैशाख ३० मा स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात् २०७९/२/२१ मा आयोजित केन्द्रीय सचिवालयको बैठकबाट निर्णय गरी २०७९/२/३१ मा स्थायी कमिटीको, २०७९/३/१० मा पोलिटब्युरोको, २०७९/३/११ मा केन्द्रीय कमिटीको र २०७९/३/१३-१४ मा केन्द्रीय परिषद्को बैठक बसेर पार्टी पुनर्गठनदेखि त्यसबेलासम्मको समग्र पार्टी काम र स्थानीय तह निर्वाचनको समेत समीक्षा गरी तात्कालिक कार्ययोजना तय गरिएको थियो । त्यस कार्ययोजनामा त्यसबेलासम्म कमिटी गठन नभएका २६.३० प्रतिशत पालिका र ४४.७९ प्रतिशत वडाहरूमा तीन महिनाभित्र कमिटी गठन गरिसक्ने लगायतका विषय थिए । केन्द्रीय परिषद्को बैठक अगाडि नै केन्द्रीय सङ्गठन विभागको बैठकबाट पार्टी सदस्यता अद्यावधिक एवं नविकरण गर्ने र अभिलेख व्यवस्थित गर्ने ठोस निर्णय गरेको थियो । परिषद्को बैठकलगत्तै २०७९ असार १६ गते प्रदेशका इन्चार्ज र अध्यक्षहरूसहित सङ्गठन विभागको विस्तारित बैठक बसेर उपर्युक्त साङ्गठनिक कार्ययोजना कार्यान्वयन गर्ने कार्यतालिका समेत तय गरिएको थियो । पार्टीको सम्पूर्ण शक्ति प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा केन्द्रित हुने निर्णय पनि गरिएको थियो । त्यस अवधिमा निर्वाचनतिर नै केन्द्रित हुनुपर्ने भएकाले साङ्गठनिक काम अपेक्षित रुपमा हुन सकेन ।

## ५. सरकारमा हाम्रो सहभागिताको समीक्षा

पार्टी पुनर्गठन अभियान सुरुगर्दा हामी सरकारमा थिएनौँ । हाम्रो पार्टी निर्वाचन आयोगमा विधिवत् रूपमा दर्ता भैसकेपछि हामी सङ्घीय सरकार र सातमध्ये छवटा प्रदेश सरकारमा सामेल भएका थियौँ । एक नम्बर प्रदेश र बागमती प्रदेश सरकारको त नेतृत्व नै हामीले गरेका थियौँ । हाम्रो पार्टीका नेताहरूले नेतृत्व गरेका सङ्घीय मन्त्रालय र प्रदेश सरकार तथा मन्त्रालयहरूबाट राम्रो काम हुने छ भन्ने पार्टी पङ्क्ति र जनताको अपेक्षा एवं चाहना थियो । जनताले सरकारबाहिर रहेको पार्टीको कुरा सुन्छन् भने सरकारमा गएको पार्टीको व्यवहार र काम हेर्छन् । हाम्रो नीति पनि सरकारबाहिर रहँदा जनताका आबाज बोल्ने र सरकारमा जाँदा ती

बोलिएका कुरा पूरा गर्ने अर्थात काम गरेर देखाउने भन्ने हो । हामी विद्रोह गरेर सरकारमा गएकाहरूले केही न केही नयाँपन देखाउन सक्नु पर्थ्यो तर आम जनताले महसुस गर्ने गरी त्यस्तो केही हुन सकेन । कतिपय राम्रा काम भएको भए पनि जनतामा सकारात्मक प्रभाव पर्ने गरी ती कामको प्रचार भएन । त्यसले गर्दा जनताले फरक देखेनन् । सरकारबाट गरिएका भूमि आयोगलगायत विभिन्न राजनीतिक नियुक्तिहरूको नकारात्मक प्रभाव पऱ्यो । मन्त्री र मन्त्रीका निजी सचिवालयबाट भएका व्यवहारको पनि सकारात्मक प्रभाव परेन । पार्टीको केन्द्रीय सचिवालयले मन्त्रीमा पठाउने निर्णय गर्दा खुसी भएर जाने तर त्यही सचिवालयले मन्त्रीबाट फिर्ता बोलाउने निर्णय गर्दा भने अस्वीकार एवं अटेरी गर्ने र संसदीय दलको नेता परिवर्तन गर्न हस्ताक्षेर सङ्कलन गर्ने जस्ता अराजक र अनुशासनहिन कार्य मन्त्री जस्तो गरिमामय पदमा बसेका व्यक्तिहरूबाट भए । पार्टीको निर्णय र निर्देशन पालन नगरी सरकारमै बसिरहन खोज्ने मात्र होइन मन्त्री पद थाम्नका निम्ति अन्य पार्टीका नेताहरूकहाँ समेत पुग्ने काम मन्त्रीहरूबाट भयो । मन्त्रीहरूका यी सबै व्यवहारले पार्टी पङ्क्तिमा मात्रै होइन आम जनतामा समेत नकारात्मक प्रभाव पऱ्यो ।

## ६. हाम्रो सङ्गठनात्मक अवस्था

हाम्रो सङ्गठनात्मक संरचना केन्द्र, प्रदेश र स्थानीय तह गरी मुख्य तीन तहमा विभाजित छ । केन्द्रमा केन्द्रीय कमिटी, तीनओटा केन्द्रीय आयोगहरू, केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च, केन्द्रीय परिषद्, केन्द्रीय विभाग, प्रदेश तहमा भूगोलका सातओटा प्रदेश कमिटी र स्थानीय तहमा सतहत्तर जिल्ला कमिटी, अधिकांश पालिका कमिटी र आधाभन्दा बढी वडामा वडा कमिटी गठन भएका छन् । केन्द्रीय परिषद्को प्रथम बैठकको बेला अद्यावधिक गरिएका तथ्याङ्क अनुसार त्यसबेलासम्म हाम्रो पार्टी देशका सबै जिल्ला, ७३.९७ प्रतिशत पालिका र ५५.२१ प्रतिशत वडामा फैलिएको थियो । त्यसबेला अध्यावधिक गरिएका तथ्याङ्क अनुसार केन्द्र, प्रदेश र स्थानीय तहका पार्टी कमिटीहरूमा सङ्गठित भएको सङ्ख्या निम्नानुसार थियो :

| केकस | केआस | केसपस | केज्येकमस | केपस | केविस | प्रक | प्रकस | जिक | जिकस | पाक | पाकस | वडाक | वडाकस | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७२ | ११२ | १६४ | ४० | ६२४ | ७५५ | ७ | १२७६ | ७७ | १४५५१ | ५५७ | २५०९९ | ३७२३ | ९३७९९ | १३७०८५ |

त्यसका अतिरिक्त गैरभूगोल क्षेत्रका विशेष कमिटी र सम्पर्क मञ्च तथा प्रबासमा समेत हाम्रो पार्टी फैलिएको छ । केन्द्रीय परिषद्को प्रथम बैठकपूर्व अद्यावधिक तथ्याङ्क अनुसार गैरभूगोल क्षेत्रमा निम्नानुसार कमिटी र सदस्य सङ्ख्या थियो :

| प्रदेश कमिटी | सदस्य | जिल्ला | सदस्य | इलाका | सदस्य | शाखा | सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| उपत्यका विशेष | ८२ | ५ | २७७ | १९ | ३६७ | २९ | ३६९ | १०९५ |
| सम्पर्क विशेष | ६४ | ७ (प्रसक) | ३५५ | ६६ (जिसम | २०३० | १८ | २७० | २७१९ |
| भारत प्रवास | १०१ | ६ (रा.क.) | ९० | २२७ | २८७ | ३६ | ६७३ | १५५१ |
| अन्य प्रवास | ४३ | २५ देश | ३९२ | .... | .... | ६ | १४० | ५३५ |
| जम्मा | २९० | ४३ | १११४ | ३१२ | २६८४ | ८९ | १४५२ | ५९०० |

उपर्युक्त पार्टी कमिटीहरूका अतिरिक्त जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनहरूमा पनि ठूलो सङ्ख्यामा पार्टीका सदस्य एवं समर्थकहरू सङ्गठित भएका छन् । उक्त सङ्गठनहरूमा सङ्गठित सङ्ख्या निम्नानुसार रहेको छ :

जनसङ्गठनहरूको साङ्गठनिक विवरण

| क्रस | सङ्गठनको नाम | केक. | सं.संख्या | घटक | सं.संख्या | प्र.क. | सं.संख्या | जि.क. | सं.संख्या | पा.क. | सं.संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | एट्रेयू महासङ्घ | १ | ४९ | १७ | | ५ | ७९ | | | | | १२८ |
| २ | अनेकि महासङ्घ | १ | २२१ | २४ | १९२ | ७ | ३४७ | ५० | १९१८ | २४ | ३६० | ३०३८ |
| ३ | अनेमसङ्घ | १ | २५१ | | | ७ | ८७२ | ५९ | ३२३६ | ११ | ६९९ | ५०५८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पेशागत महासङ्घ | १ | १६० | १५ | | ७ | | ६३ | | | | १६० |
| ५ | नेराउव्य महासङ्घ | १ | १२९ | ६ | ५९ | २ | ६७ | ११ | २१६ | | | ४७१ |
| ६ | खेलकुद महासङ्घ | १ | | | | | | | | | | |
| ७ | जनसां महासङ्घ | १ | १०३ | ५ | १८३ | | | १७ | | | | २८६ |
| ८ | नेआजजा महासङ्घ | १ | ३०७ | १५ | ७०३ | ५ | २९६ | २६ | ९८८ | | | २२९४ |
| ९ | युवासङ्घ नेपाल | १ | | | | | | | | | | |
| १० | अनेरास्ववियू | १ | ६६८ | | | ५ | २९१ | ७० | | | | ९५९ |
| ११ | ने.द.मु. सङ्गठन | १ | २५१ | | | ७ | ७०७ | ६६ | ३५०० | २५० | ५५०० | ९९५८ |
| १२ | स.प्रेस सङ्गठन | १ | | | | ८ | | ४६ | | | | |
| १३ | स.अपाङ्ग सङ्गठन | १ | ५१ | | | ६ | १३४ | २१ | | ६३ | | १८५ |
| १४ | ने.मु.इ. सङ्गठन | १ | | | | | | | | | | |
| १५ | शिक्षक सङ्गठन | १ | | | | | | | | | | |
| १६ | प्राध्यापक सङ्गठन | १ | | | | | | | | | | |
| १७ | बुद्धिजीवी सङ्गठन | १ | | | | | | | | | | |
| १८ | कानुन व्य.सङ्गठन | १ | | | | | | | | | | |
| १९ | नभूपूप्रसै सङ्गठन | १ | ७८ | | | ८ | | २९ | ४३५ | १८ | २०५ | ७१८ |
| २० | सहकारी सङ्गठन | १ | ७१ | | | ३ | ११५ | | | | | १८६ |
| | जम्मा | २० | | | | | | | | | | २३४४१ |

माथि उल्लेखित विवरण अनुसार :

केन्द्रीय तह र भूगोलका पार्टी कमिटीमा सङ्गठित सङ्ख्या : १३७०८५
सम्पर्क, प्रबास र गैरभूगोलका कमिटीमा सङ्गठित सङ्ख्या : ५९००
सजनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनमा सङ्गठित सङ्ख्या : २२४८२
पार्टी कमिटी र जनसङ्गठनका कमिटीमा सङ्गठित कुल सङ्ख्या : १६६४२६

**७. स्थानीय तह निर्वाचन समीक्षाको निष्कर्ष**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछिको दोस्रो स्थानीय तह निर्वाचन २०७९ बैशाख ३० मा सम्पन्न भएको थियो । निर्वाचन सम्पन्न भएलगत्तै हामीले पार्टीको केन्द्रीय सचिवालय, स्थायी कमिटी, पोलिटब्युरो, केन्द्रीय कमिटी र केन्द्रीय परिषद्का बैठकबाट त्यसको समीक्षा गरेका थियौं । समीक्षाबाट निष्कर्ष निकालिएको थियो कि हामी विद्रोह गरेर नयाँ ढङ्गले पार्टी निर्माण गर्न थालेको करिब आठ महिनामै उक्त स्थानीय तह निर्वाचनमा सामेल भएका थियौं । त्यसबेलासम्म हामीले सबै पालिका र वडाहरूमा पार्टीका कमिटी निर्माण गरिसकेका थिएनौं । निर्वाचनको लागि राम्रो तयारी गर्न समय नै पाएका थिएनौं । त्यस प्रकारको अवस्थामा हामी पाँच दलीय गठबन्धनमा रहेर उक्त निर्वाचनमा सरिक भएका थियौं । उक्त निर्वाचनमा हामीलाई गठबन्धनबाट छुट्याइएका स्थान र ती स्थानमा प्राप्त परिणाम सन्तोषजनक नभएता पनि हामीले संविधान र लोकतन्त्रको रक्षा गर्ने जुन उद्देश्य राखेर विद्रोह गरेका थियौं र गठबन्धनमा रहेर निर्वाचनमा सहभागी भएका थियौं त्यो अवस्था कायमै रहेकाले फेरि पनि गठबन्धनमा रहेर नै अगाडि बढ्नु पर्ने अवश्यकता छ भन्ने समीक्षाको निष्कर्ष निकालेका थियौं । गठबन्धनमा रहेका अन्य दलहरूको पनि गठबन्धन कायमै राखेर जाने धारणा रहेकाले २०७९ मंसिर ४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा पनि हामी पाँच दलीय गठबन्धनमा रहेर सरिक भएका थियौं ।

स्थानीय तह निर्वाचन २०७९ पश्चात् हामीले पार्टीका सबै केन्द्रीय संरचनाका बैठकबाट स्थानीय तह निर्वाचन २०७९ को समीक्षा मात्र होइन पार्टी पुनर्गठन अभियान सुरु गरेदेखिका समग्र कार्यको समेत सामान्य समीक्षा गरी पार्टीको सम्पूर्ण शक्ति २०७९ मंसिर ४ मा सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा केन्द्रित हुने तात्कालिक कार्य योजना तय गरेर अगाडि बढेका थियौं ।

## ८. आम निर्वाचन २०७९ को समीक्षा

पार्टीले कुनै कार्ययोजना कार्यान्वयन वा अभियान सञ्चालन गरेपछि त्यसको समीक्षा गर्ने र त्यसबाट शिक्षा लिएर नयाँ कार्ययोजना बनाई काम गर्ने हाम्रो स्थापित कार्य तरिको हो । त्यसैले २०७९ मंसिर ४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको वस्तुनिष्ट समीक्षा गरी त्यसबाट शिक्षा लिएर अगाडि बढ्नु यतिबेलाको हाम्रो दायित्व हो ।

### ८.१. निर्वाचनको घोषणा र गठबन्धनमा छलफल

नेपाल सरकारले निर्वाचन आयोगको सिफारिसमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ मंसिर ४ मा एकै दिन गराउने घोषणा गरेको थियो । निर्वाचन घोषणा भएलगत्तै निर्वाचन आयोगले तयारी कार्य थालेको थियो भने राजनीतिक दलहरू पनि आ-आफ्नो तयारीमा लागेका थिए । पाँच दलीय गठबन्धनमा रहेका दलहरूले गठबन्धनमै छलफल सुरु गरेका थिए । निर्वाचन क्षेत्र बाँडफाँटमा केन्द्रित उक्त छलफल अत्यन्त सुस्त गतिमा चलेको थियो । गठबन्धनमा छलफल चलिरहाँदा दलहरूबिच भित्रभित्रै दुई पक्षीय र त्रिपक्षीय छलफल पनि चलिनै रहेको थियो । वाममोर्चा गठनको चर्चा पनि चलेकै थियो । निर्वाचन क्षेत्र बाँडफाँटको मापदण्ड बनाउन हामीले कोसिस गरिएका थियौँ तर हुन सकेन । गठबन्धनमा रहेका सबै दलको सम्मानजनक हिस्सेदारी होस् भन्ने कुरामा नेपाली काँग्रेस र माओवादी केन्द्र सकारात्मक रहेनन् । उनीहरू आफुले कसरी बढी क्षेत्र लिने भन्नेमा केद्रित भए । त्यही सोँचका साथ ती दुई पार्टीबिच आफुहरूलाई फाइदा हुने गरी निर्वाचन क्षेत्र बाँडफाँट गर्ने समझदारी गरेर र सोही अनुरूप क्षेत्र बाँडफाँटको खाका तयार गरी गठबन्धनको बैठकमा प्रस्तुत गरियो । त्यसलाई स्वीकार गर्न नसकी जसपा गठबन्धनबाटै बाहिरियो र एमालेसँग तालमेल गर्न पुग्यो । हामी अप्ठ्यारो स्थितिमा पर्‍यौँ । गठबन्धनबाट अलग भएर एक्लै निर्वाचनमा जान सक्ने अबस्थामा हामी थिएनौँ । त्यसैले नेपाली काँग्रेस र माओवादी केन्दले तयार गरेको निर्वाचन क्षेत्रको बाँडफाँट स्वीकार गरेर निर्वाचनमा जान हामी वाध्य भयौँ ।

### ८.२. क्षेत्र विभाजन र हाम्रो उम्मेदवारी

गठबन्धनबाट हामीलाई प्रतिनिधि सभाका जम्मा २० क्षेत्र छुट्याइएको थियो भने एउटा क्षेत्रमा मित्रवत् प्रतिस्पर्धा गर्ने तय भएको थियो । २० मध्ये एउटा क्षेत्र (रूपन्देही २) को हाम्रो उम्मेदवारी खारेज भएकाले हामी उन्नाइस र मित्रवत् प्रतिस्पर्धा एकमा सीमित भएका थियौँ । त्यसरी छुट्याइएका निर्वाचन क्षेत्रमध्ये पनि इलाम १, उदयपुर २, बारा ४, कास्की २, सल्यान, डोटी र आछाममा नेकाका स्वतन्त्र उम्मेदवार थिए । प्रदेश सभामा हामीलाई जम्मा ४१ क्षेत्र छुट्याइएको थियो र २ क्षेत्रमा मित्रवत् प्रतिस्पर्धा गर्ने तय भएको थियो । ४१ क्षेत्रमध्ये ललितपुर २.१ त्यहाँका कमरेडहरूले प्रतिनिधि सभा जित्न सहज बनाउने ध्ययले नेकालाई छाडिदिनु भएको थियो भने  नुवाकोट २.१ नेकाले स्याङ्जा २.१ छाड्ने सर्तमा हामीले छाडेका थियौँ तर नेकाले सहमति पालना गरेन । बाँकी ३९ क्षेत्रमध्ये सिराहा ३.२, बारा २.२, पर्सा ३.२, स्याङ्जा २.१, काठमाडौँ ५.२, कपिलवस्तु १.२, र बाँके २.१ मा नेकाको टिकटमा नै उम्मेदवारी दिइएको थियो भने पाँचथर १.१ र खोटाङ १.१ मा नेकाकै स्वतन्त्र उम्मेदवार थिए । काठमाडौँ १०.२ मा माओवादी केन्द्रको अधिकारिक टिकटमा उठाइएका उम्मेदवार थिए भने सर्लाहीको १.२ र ३.१ मा माओवादी केन्द्रकै स्वतन्त्र उम्मेदवार थिए । महोत्तरी २.१ मा लोसपाका उम्मेदवार थिए । यसरी गठबन्धनबाट हामीलाई छुट्याइएका धेरै क्षेत्रमा गठबन्धनकै अन्य दलका पनि उम्मेदवार प्रतिस्पर्धामा रहेको अवस्था थियो ।

प्रदेश सभामा हामीलाई छुट्याइएका क्षेत्र ज्यादै कम भएको र धेरै जिल्लामा प्रत्यक्षतर्फ हाम्रो उम्मेदवारी नै नहुने स्थिति भएकाले प्रदेश सभाका केही निर्वाचन क्षेत्रमा उम्मेदवारी दिन्छौँ भन्ने जानकारी गठबन्धनलाई दिएर हामीले पनि थुप्रै क्षेत्रमा उम्मेदवारी दर्ता गराएका थियौँ । त्यसरी दर्ता गरिएका उम्मेदवारीमध्ये महोत्तरी १.१, धनुषा २.१ र २.२, रामेछाप १.१, तनहुँ १.१, कपिलवस्तु ३.१, हुम्ला १.१, कालिकोट १.२, सुर्खेत २.१ र २.२, बाजुरा १.१ र बैतडी १.१ मा अन्तिमसम्म कायम राखिएको थियो । यसरी प्रदेश सभाका जम्मा ५१ क्षेत्रमा हाम्रो उम्मेदवारी अन्तिमसम्म कायम थियो । उम्मेदवारहरूको निर्णय निर्वाचन क्षेत्रबाट जिल्लामा, जिल्लाबाट प्रदेशमा र प्रदेशबाट केन्द्रमा सिफारिस भइआएका नाममध्येबाट केन्द्रीय सचिवालयले गरेको थियो ।

समानुपातिकतर्फ हामीले प्रतिनिधि सभामा ११० र प्रदेश सभामा २२० गरी जम्मा ३३० जनाको सूची पेस गरेका थियौँ तर निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन खर्च विवरण नबुझाएको कारण देखाई प्रतिनिधि सभाका ५ जना र प्रदेश सभाका ११ जनाको नाम सूचीबाट हटाइदिएको थियो भने एक जनाको नाम लैङ्गिक विवरण नमिलेको भनेर पनि हटाइएको थियो । लैङ्गिक विवरण नमिलेको भनेर हटाइएको नाम बन्द सूचीबाट नहटाई कायमै राख्न सर्वोच्च अदालतले आदेश दिएता पनि आयोगले उक्त नाम कायम नगरी अन्तिम सूचीमा प्रतिनिधि सभामा १०४ जना र प्रदेश सभामा १०९ जनाको

नाम मात्र कायम गरेको थियो । बन्द सूचीमा राख्ने नाम छनोट गर्ने कार्य आधारभूत रूपमा प्रदेश कमिटीका पदाधिकारीहरूबाट भएको थियो । उहाँहरूले निर्वाचन क्षेत्रीय कमिटी र जिल्ला कमिटीबाट सिफारिस भइआएका नामबाट छनोट गरी तयार पार्नु भएको सूचीको प्राथमिकता क्रममा केही हेरफेर गरी केन्द्रीय सचिवालयले अन्तिम रूप दिएको थियो । बन्द सूचीमा नाम राख्दा जातीय, अल्पसंख्यक र पिछडिएको क्षेत्रजस्ता क्लष्टर मिलाउनु पर्ने हुँदा भौगोलिक सन्तुलन राम्ररी मिलाउन सकिएको थिएन ।

## ८.३. निर्वाचन परिचालन र प्रचार सामग्री

उपर्युक्त संख्यामा उम्मेदवारीका साथ हामी निर्वाचनमा गएका थियौँ । निर्वाचन परिचालनका निम्ति अध्यक्ष कमरेड माधवकुमार नेपालको संयोजकत्वमा पार्टी केन्द्रीय कमिटी, केन्द्रीय आयोगहरू, केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी एवं सदस्यहरू, केन्द्रीय परिषद्का सदस्यहरू, जनवर्गीय सङ्गठनका केन्द्रीय पदाधिकारी एवं सदस्यहरू, प्रदेश कमिटीका पदाधिकारी एवं सदस्यहरू र जिल्लामा बन्ने निर्वाचन परिचलन कमिटीका संयोजकसमेत रहने गरी केन्द्रीय निर्वाचन परिचालन कमिटी गठन गरिएको थियो । निर्वाचन परिचालन सम्बन्धी दैनिनदिनका कार्य सम्पादन गर्नका निम्ति महासचिव कमरेड डा.बेदुराम भुसालको संयोजकत्वमा कमरेडहरू डा. गंगालाल तुलाधर, डा. बिजय पौडेल, सावित्रा भुसाल, विश्वनाथ प्याकुरेल, आलोक रायमाझी, प्रमोदराज शर्मा, प्रेमल खनाल, लक्ष्मण के.सी., टहलबहादुर खड्का, केदार सञ्जेल, विष्णु लम्साल, घनप्रसाद गौतम, मोहन गौतम, रमेशरञ्जन झा, मिना ज्ञवाली, उदय श्रेष्ठ, खेमराज पौडेल, सीताराम नेपाल, द्रोणाचार्य क्षेत्री, विश्वमणी सुवेदी, प्रकाश खतिवडा, विशाल भण्डारी, सुदेश पराजुली र नितेश पौडेल रहनु भएको निर्वाचन परिचालन केन्द्रीय सचिवालय गठन गरिएको थियो । उक्त सचिवालयको बैठक बसी कार्य विभाजन गरेर प्रचार सामग्रीको उत्पादन तथा वितरण गर्ने, प्रचार सभाका लागि वक्ता व्यवस्थापन गर्ने र हाम्रा उम्मेदवारहरूको मुख्य प्रतिस्पर्धा कोसँग छ ? प्रतिस्पर्धाको अवस्था कस्तो छ ? प्रचार-प्रसार कसरी भइरहेको छ ? गठबन्धनका पार्टीहरूसँगको सहकार्य कस्तो छ ? स्वतन्त्र वा बागी उमेद्वारहरूको प्रभाव वा असर कस्तो छ ? समानुपातिकतर्फको मत माग्ने काम कसरी भइरहेको छ ? भन्ने विषयमा अनुगमन गर्ने तय गरिएको थियो । अनुगमन गर्नका लागि प्रदेश नम्बर १ मा प्रेमल खनाल र द्रोणाचार्य क्षेत्री, मधेश प्रदेशमा मोहन गौतम र नितेस पौडेल, वागमती प्रदेशमा सावित्रा भुसाल र सीताराम नेपाल, गण्डकीमा विश्वनाथ प्याकुरेल र आलोक रायमाझी, लुम्बिनीमा विजय पौडेल र मिना ज्ञवाली, कर्णालीमा लक्ष्मण केसी र उदय श्रेष्ठ तथा सुदुर पश्चिममा केदार सञ्जेल र विशाल भण्डारीलाई जिम्मा दिइएको थियो । प्रचारको संयोजन गर्ने जिम्मा लक्ष्मण केसीलाई दिइएको थियो भने कार्यालयबाट गरिने कामको संयोजन गर्ने जिम्मा गंगालाल तुलाधरलाई र समग्र कामको संयोजन तथा अनुगमन गर्ने जिम्मा बेदुराम भुसाललाई दिइएको थियो ।

यस पटक हामीले निर्वाचन घोषणा पत्रमा नै महङ्गो र भड्किलो चुनाव प्रचार अभियान नचलाउने धारणा राखेका थियौँ । त्यसै अनुसार प्रचार सामग्रीको उत्पादन गर्ने र प्रचारका कार्यक्रम बनाउने भनेका थियौँ । प्रचार अभियानलाई घरदैलो कार्यक्रममा केन्द्रित गर्ने र सामान्यतया ठूला आमसभा तथा र्‍याली एवं जुलुस नगर्ने भनेका थियौँ । भौतिक प्रचार सामग्रीको रूपमा घोषणा पत्र, अपिल, 'कलममा मतदान किन ?' शिर्षकको हाते पर्चा र नमुना मत पत्र प्रकाशित गरिएको थियो । प्रकाशित सामग्रीहरू विभिन्न माध्यमबाट प्रदेश र जिल्ला पार्टी कार्यालयहरूमा पठाइएको थियो । पत्रिका तथा रेडियोमा विज्ञापन प्रकाशन तथा प्रसारण गराइएको थियो । विद्युतीय प्रचार समग्रीमा भिडियो सामाग्रीहरू ८, एनिमेशन भिडियो ३, प्रचार गीत (२ प्यारोडीसहित) ६, रेडियो जिंगल २ र २५० भन्दा बढी सोसल मिडिया पोष्टर बनाइएको थियो र सामाजिक सञ्जालमा अपलोड गरिएको थियो ।

## ८.४. अनुगमन र निर्देशन

निर्वाचन परिचालन केन्द्रीय सचिवालयबाट प्रचार कार्य कसरी भइरहेको छ र समानुपातिक मत मागिएको छ कि छैन भनेर तीन चरणमा अनुगमन गरिएको थियो । त्यस क्रममा प्रदेश इञ्चार्ज वा अध्यक्ष र जिल्ला इञ्चार्ज वा अध्यक्षलाई तथा अन्य जिम्मेवार कमरेडहरूलाई उपर्युक्त प्रश्न सोधी जानकारी लिइएको थियो । पहिलो पटक जानकारी लिदा प्रत्यक्षतर्फ उम्मेदवार नभएको जिल्लामा 'हाम्रो उम्मेदवार नभएकाले प्रचार गर्न सकिएको छैन' भन्ने, प्रत्यक्षतर्फ उम्मेदवार भएको जिल्लामा 'गठबन्धनमा रहेर प्रत्यक्षतर्फको उम्मेदवारलाई मत माग्नु परेकाले समानुपातिक मत माग्न सकिएको छैन' भन्ने र कतिपय जिल्लामा 'समानुपातिक उम्मेदवार पनि नभएकाले मत माग्न सकिएको छैन' भन्ने गुनासा आएका थिए । त्यसरी गुनासा प्राप्त भएपछि समानुपातिक उम्मेदवार पार्टी हो, पार्टीको हैशियत कायम गर्ने समानुपातिक मतले हो त्यसैले पार्टीलाई मत माग्नु पर्दछ, पार्टीको छुट्टै टोली बनाएर समानुपातिक मत माग्ने काम गर्नुहोस् भनेर निर्देशन दिइएको थियो र प्रचार सामग्रीको साथै न्युनतम आर्थिक सहयोग समेत पठाउने काम गरिएको थियो । काठमाडौँ उपत्यकामा विशेष अभियान चलाऔँ भनेर उपत्यकामा रहनु भएका केन्द्रीय कमिटीका सदस्यहरू, केन्द्रीय आयोगका पदाधिकारी एवं सदस्यहरू र

समानुपातिक उम्मेदवारहरूको संयुक्त बैठक बोलाएर छलफल गरी यहाँका प्रत्येक निर्वाचन क्षेत्रमा त्यहाँ रहनुहुने सबैभन्दा सिनियर नेताको नेतृत्वमा टोली बनाएर समानुपातिक मत माग्ने अभियान सञ्चालन गर्ने निर्णय गरिएको थियो र त्यसका निम्ति पनि प्रचार सामग्रीको साथै न्युनतम खर्चको व्यवस्था गरिएको थियो । २०७९ कार्तिक ३ मा गरिएको उक्त निर्णय जति प्रभावकारी ढङ्गले कार्यान्वयन हुनुपर्ने थियो त्यति हुन सकेन । निर्वाचन परिचालन केन्द्रीय सचिवालयका संयोजकले काठमाडौं महानगरपलिकाका वडा पार्टी कमिटीका अध्यक्षहरूलाई सिधै फोन गरेर जानकारी लिदा धेरैले 'घरदैलो गरेर मत मागिरहेका छौं' भन्नु भएको थियो भने केहीले 'हामीले मत त मागिरहेका छौं तर घण्टीको प्रचार बढी भएको पाइन्छ' भन्ने जवाफ दिनु भएको थियो । दोस्रो पटक जानकारी लिदा आम रूपमा 'समानुपातिक मत माग्ने अभियान चलाइएको छ' भन्ने जबाफ पाइएको थियो । तेस्रो पटक जानकारी लिदा मत माग्ने काम भइरहेको छ भन्दै हामीले प्राप्त गर्न सकिने मत समेत बताइएको थियो, जसानुसार प्रदेश नं. १ बाट १२५०००, मधेश प्रदेशबाट १६८०००, वागमती प्रदेशबाट २०००००, गण्डकी प्रदेशबाट ४००००, लुम्विनीबाट ६७००० (अर्घाखाँची, गुल्मी र बाँकेबाहेक), कर्णाली प्रदेशबाट ६०००० (डोल्पा र सल्यानबाहेक) र सुदुरपश्चिम प्रदेशबाट ८०००० मत आउने अनुमान रहेको थियो । प्रदेश अध्यक्षहरूले दिनुभएका यी सबै तथ्याङ्क जोड्दा ७४०००० हुन्छ । छुटेका पाँच जिल्लाबाट सालाखाला दुई हजार आउँदा कुल सात लाख पचास हजार मत हुन्थ्यो तर अनुमान अनुसार कहिँ पनि मत आएन ।

### ८.५. निर्वाचन परिणाम र हाम्रो अवस्था

२०७९ मंसिर ४ मा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनबाट प्रतिनिधि सभातर्फ प्राप्त परिणाम निम्नानुसार रहेको छ :

| दल | नेका | एमाले | माके | रास्वपा | राप्रपा | जसपा | एस | जनमत | लोसपा | नाउपा | राजमो | नेमकिपा | स्वतन्त्र | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष | ५७ | ४४ | १८ | ७ | ७ | ७ | १० | १ | ४ | ३ | १ | १ | ५ | **१६५** |
| समानुपातिक | ३२ | ३४ | १४ | १३ | ७ | ५ | | ५ | | | | | | **११०** |
| **जम्मा** | **८९** | **७८** | **३२** | **२०** | **१४** | **१२** | **१०** | **६** | **४** | **३** | **१** | **१** | **५** | **२७५** |

त्यसैगरी प्रदेश सभातर्फको परिणाम निम्नानुसार रहेको छ :

**प्रदेश नं. १**

| दल | एमाले | नेका | माके | राप्रपा | एस | जसपा | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष | २५ | १७ | ९ | २ | ३ | १ | ५६ |
| समानुपातिक | १५ | १२ | ४ | ४ | १ | | ३७ |
| **जम्मा** | **४०** | **२९** | **१३** | **६** | **४** | **१** | **९३** |

मधेश प्रदेश

| दल | एमाले | नेका | जसपा | जनमत | लोसपा | माके | एस | राप्रपा | नाउपा | अन्य/स्वतन्त्र | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष | १५ | १३ | ९ | ६ | ७ | ४ | ४ | | | ६ | **६४** |
| समानुपातिक | ८ | ९ | ७ | ७ | २ | ४ | ३ | १ | १ | १ | **४३** |
| **जम्मा** | **२३** | **२२** | **१६** | **१३** | **९** | **८** | **७** | **१** | **१** | **७** | **१०७** |

वागमती प्रदेश

| दल | नेका | एमाले | माके | राप्रपा | एस | नेमकिपा | हानेपा | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष | २५ | १३ | १४ | ७ | ५ | १ | १ | ६६ |
| समानुपातिक | १२ | १४ | ७ | ६ | २ | २ | १ | ४४ |
| **जम्मा** | **३७** | **२७** | **२१** | **१३** | **७** | **३** | **२** | **११०** |

**गण्डकी प्रदेश**

| दल | नेका | एमाले | माके | राप्रपा | स्वतन्त्र | **जम्मा** |
|---|---|---|---|---|---|---|
| प्रत्यक्ष | १८ | १२ | ५ | | १ | ३६ |
| समानुपातिक | ९ | १० | ३ | २ | | २४ |
| **जम्मा** | **२७** | **२२** | **८** | **२** | **१** | **६०** |

**लुम्बिनी प्रदेश**

| दल | एमाले | नेका | माके | राप्रपा | नाउपा | जसपा | जनमत | लोसपा | एस | अन्य/ स्वतन्त्र | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष | १८ | १७ | ५ | २ | २ | २ | १ | २ | | ३ | ५२ |
| समानुपातिक | ११ | १० | ४ | २ | २ | १ | २ | १ | १ | १ | ३५ |
| **जम्मा** | **२९** | **२७** | **९** | **४** | **४** | **३** | **३** | **३** | **१** | **४** | **८७** |

**कर्णाली प्रदेश**

| दल | नेका | माके | एमाले | एस | राप्रपा | अन्य/स्वतन्त्र | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष | ९ | ९ | ५ | | | १ | २४ |
| समानुपातिक | ५ | ४ | ५ | १ | १ | | १६ |
| **जम्मा** | **१४** | **१३** | **१०** | **१** | **१** | **१** | **४०** |

**सुदुरपश्चिम प्रदेश**

| दल | नेका | माके | एमाले | नाउपा | एस | राप्रपा | स्वतन्त्र | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष | १२ | ८ | ३ | ५ | ३ | | १ | ३२ |
| समानुपातिक | ७ | ३ | ७ | २ | १ | १ | | २१ |
| **जम्मा** | **१९** | **११** | **१०** | **७** | **४** | **१** | **१** | **५३** |

यस पटकको निर्वाचनमा दुईओटा गठबन्धन थिए । एउटा नेका, माके र हाम्रो पार्टी समेत रहेको वाम-लोकतान्त्रिक गठबन्धन थियो भने अर्कोतर्फ एमाले, राप्रपा र जसपा रहेको गठबन्धन थियो । यी दुई गठबन्धनका बिच नै मुख्य टक्कर थियो । गठबन्धन नगरेर पार्टीहरू एक्ला एक्लै चुनाव लडेको भए परिणाम अर्कै हुन्थ्यो ।

समानुपातिकतर्फको मतका आधारमा हेर्दा एक्लै लड्दा एमालेले प्रतिनिधि सभाका केवल १३ क्षेत्र (झापा २, झापा ४ र झापा ५, धनकुटा १, उदयपुर २, धनुषा ३, ललितपुर २, कास्की २, कास्की ३, पाल्पा १ र कपिलवस्तु १) मा मात्रै विजय हासिल गर्ने देखिन्छ। २० क्षेत्र (ताप्लेजुङ १, पाँचथर १, इलाम १, इलाम २, सुनसरी ३, सोलुखुम्बु १, मकवानपुर २, काठमाडौं ९, काभ्रे २, कास्की १, लम्जुङ १, पर्बत १, गुल्मी २, पाल्पा २, अर्घाखाँची १, रूपन्देही ५, कपिलवस्तु ३, प्युठान १, बैतडी १ र कन्चनपुर १) मा उसका उम्मेदवारहरू समानुपातिकतर्फ पार्टीले प्राप्त गरेको मतभन्दा बढी मत ल्याएर विजय भएका छन् । उसले ८ क्षेत्र (महोत्तरी १, सिराहा १, सिराहा ३, सर्लाही ३, धनुषा ४, बारा १, बारा ३ र पर्सा ३) मा जसपाको मत पाएर जितेको छ भने २ क्षेत्र (रूपन्देही १ र २) मा राप्रपाको मत पाएर जितेको छ । मोरङ १ तथा सुनसरी २ मा जसपाको र बाँके १ मा राप्रपाको मत उसले नपाएर उसको प्रतिस्पर्धीले पाएको भए त्यहाँ ऊ पराजित हुन्थ्यो । हामीले समानुपातिकतर्फ प्राप्त गरेको मत उसले नपाई उसको प्रतिस्पर्धीले पाएको हुँदा २० क्षेत्र (तेह्रथुम १, भोजपुर १, खोटाङ १, मोरङ १, सुनसरी ४, उदयपुर १, रौतहट १, रौतहट ४, धादिङ १, काटमाडौं १०, भक्तपुर २, दोलखा १, पूर्वी नवलपरासी २, दाङ २, मुगु १, दैलेख १, दैलेख २, बझाङ १, कैलाली ४ र कैलाली ५) मा ऊ पराजित भएको छ ।

नेपाली काँग्रेसले पनि एक्लै लडेको भए केवल १३ क्षेत्र (झापा १, मोरङ ३, मोरङ ६, रसुवा १, नुवाकोट २, मनाङ १, तनहु १, स्याङ्जा २, नवलपरासी पूर्व १, सुर्खेत १, बाजुरा १, डडेलधुरा १ र कञ्चनपुर ३) मा मात्रै जित्ने देखिन्छ । काठमाडौं ३, काठमाडौं ४ र ५ तथा पर्सा ४ मा नेकाका उम्मेदवारहरू गठबन्धनमा रहेका दलहरूले समानुपातिकतर्फ प्राप्त गरेको मतभन्दा बढी मत ल्याएर विजयी भएका छन् । माओवादी केन्द्रको मत नपाउँदा ऊ २१ क्षेत्र (संखुवासभा १, ओखलढङ्गा १, धनुषा २, रामेछाप १, सिन्धुली १, धादिङ २, ललितपुर १, सिन्धुपाल्चोक २, गोरखा १, स्याङ्जा १, मुस्ताङ १, म्याग्दी १, गुल्मी १, पूर्वी नवलपरासी १, कपिलवस्तु २, दाङ ३, बाँके ३, बर्दिया १, सुर्खेत २, दार्चुला १ र कञ्चनपुर २) मा पराजित हुन्थ्यो भने हाम्रो पार्टीले  समानुपातिकतर्फ प्राप्त गरेको मत नपाउँदा १० क्षेत्र (तेह्रथुम १, मोरङ १, सुनसरी ४, सप्तरी ४, रौतहट ४, काटमाडौं १, काठमाडौं १०, भक्तपुर २, दैलेख २ र कैलाली ४) मा र हाम्रो मत उसले नपाएर उसको निकटतम प्रतिस्पर्धीले पाउँदा थप ४ क्षेत्र (उदयपुर १, पूर्वी नवलपरासी २, मुगु १ र कैलाली ५) गरी जम्मा १४ क्षेत्रमा ऊ पराजित हुन्थ्यो । त्यसैगरी माओवादी केन्द्र र एकीकृत समाजवादीमध्ये कुनै एकको मत नपाउँदा अछाम २ मा, माओवादी केन्द्र र लोसपामध्ये कुनै एकको मत नपाउँदा महोत्तरी ४ मा र माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादीमध्ये कुनै एकको मत नपाउँदा सप्तरी ३ र पर्सा २ मा काँग्रेस पराजित हुन्थ्यो । हाम्रो मत एमालेतर्फ जाँदा र माओवादी केन्द्रको मत नपाउँदा तनहुँ २ मा पनि ऊ पराजित हुन्थ्यो ।

माओवादी केन्द्र एक्लै लडेको भए केवल ४ क्षेत्र (गोरखा २, रोल्पा १, रुकुम पूर्व १ र रुकुम पश्चिम १) मात्रै जित्ने देखिन्छ। माओवादी केन्द्र नेकाको मत नपाउदा १० क्षेत्र (मोरङ ४, सर्लाही २, सिन्धुली २, सिन्धुपाल्चोक १, काभ्रे १, नुवाकोट १, बाग्लुङ २, कालिकोट १, जाजरकोट १ र हुम्ला १) मा पराजित हुन्थ्यो भने हामीले समानुपातिकतर्फ पाएको  मत नपाउँदा र त्यो मत उसको निकटतम प्रतिस्पर्धीले पाउँदा ४ क्षेत्र (भोजपुर १, खोटाङ १, दोलखा १ र दाङ २) मा पराजित हुन्थ्यो । प्रतिनिधि सभातर्फको परिणाम यस्तो छ भने प्रदेश सभातर्फको परिणाम पनि लगभग यस्तै नै छ ।

प्रत्यक्षतर्फ मात्र होइन समानुपातिकतर्फ पनि पार्टीहरूको मत विगत निर्वाचनको तुलनामा यस पटक घटेको छ । तीनओटा मुख्य पार्टीले २०७४ र २०७९ मा प्राप्त गरेको समानुपातिक मत निम्नानुसार छ :

| निर्वाचन वर्ष | एमाले | नेका | माके |
|---|---|---|---|
| २०७४ | ३१७३४९४ | ३१२८३८९ | १३०३७२१ |
| २०७९ | २८४५६४१ | २७१५२२५ | ११७५६८४ |
| घटेको | ३२७८५३ | ४१३१६४ | १२८०३७ |

यस निर्वाचनको परिणाममा हाम्रो अवस्था कम्जोर रह्यो । हामीले प्रत्यक्षतर्फ प्रतिनिधि सभाका जम्मा १० क्षेत्र (रौतहट १, बारा ४, धादिङ १, दाङ १, सल्यान १, दैलेख १, डोल्पा १, डोटी १, अछाम १ र बझाङ १) मा विजय प्राप्त गरेका छौं । इलाम १, उदयपुर २ र मकवानपुर २ मा गठबन्धनमा रहेका दलहरूले समानुपातिकतर्फ प्राप्त गरेको सबै मत नपाएकोले हाम्रा उम्मेदवारहरू पराजित हुनभयो भने गुल्मी २ मा गठबन्धनमा रहेका दलहरूले समानुपातिकतर्फ प्राप्त गरेकोभन्दा बढी मत आउदा पनि विजय प्राप्त भएन । प्रदेश सभाका जम्मा १५ क्षेत्र (पाँचथर १.१, भोजपुर १.१, इलाम १.१, सप्तरी ४.१, सिराहा ३.२, सर्लाही १.२, रौतहट २.२, काठमाडौं ७.१, काठमाडौं १०.२, भक्तपुर २.२, काभ्रे २.१, चितवन १.२, बाजुरा १.१, कैलाली ४.१ र कञ्चनपुर ३.१) मा विजय प्राप्त गरेका छौं । डडेलधुरा १.२ बाट हाम्रो पार्टी केन्द्रीय कमिटीका सदस्य डा. तारा जोशी स्वतन्त्र उम्मेदवार भई विजयी हुनु भएको छ । समानुपातिकतर्फ हामीले प्रतिनिधि सभामा १ स्थान पनि प्राप्त गर्न सकेनौं भने प्रदेश सभामा प्रदेश १ मा १, मधेश प्रदेशमा ३, बागमती प्रदेशमा २, लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशमा १, १ गरी जम्मा ९ स्थान प्राप्त गरेका छौं । गण्डकी

प्रदेशमा प्रत्यक्ष र समानुपातिक कतैबाट पनि स्थान प्राप्त गर्न सकिएन । समानुपातिकतर्फ प्रतिनिधि सभा र प्रदेश सभामा हामीले प्राप्त गरेको मत निम्नानुसार छ :

| सिनं. | प्रदेश | प्रतिनिधि सभातर्फको मत | प्रदेश सभातर्फको मत |
|---|---|---|---|
| १ | प्रदेश नं. १ | ४६,२४६ | ५५,९५७ |
| २ | मधेस प्रदेश | १०७,०८४ | ११३,९१५ |
| ३ | वागमती प्रदेश | ५०,५९१ | ६९,८४६ |
| ४ | गण्डकी प्रदेश | ९,५७३ | १५,०७६ |
| ५ | लुम्बिनी प्रदेश | २६,८३२ | ४२,६२१ |
| ६ | कर्णाली प्रदेश | २५,५५५ | ३५,८२६ |
| ७ | सु.प. प्रदेश | ३२,५१० | ४३,८१९ |
| | जम्मा | २९८,३९१ | ३७७,०६३ |
| | फरक | ७८६७२ | |

उपर्युक्त परिणाम अपेक्षा गरिएभन्दा कम हो, त्यसमा पनि खासगरी समानुपातिकतर्फको मत धेरै नै कम हो । प्रदेश सभामा आएको समानुपातिक मत पनि प्रतिनिधि सभामा आएन । यस प्रकारको परिणाम आउनुका अनेक कारण छन् ।

## ८.६. अपेक्षित परिणाम नआउनुका कारण

निर्वाचनको परिणाम जस्तो आयो त्यो अपेक्षित थिएन । वाम-लोकतान्त्रिक गठबन्धनको बहुमत आउला भन्ने आम अपेक्षा थियो तर त्यस्तो भएन । हाम्रो पक्षमा जुन परिणाम आयो त्यो पनि अपेक्षा गरिएभन्दा फरक हो । प्रत्यक्षतर्फको भन्दा पनि समानुपातिकतर्फको परिणाम अझ वढी अनपेक्षित हो । किन यस्तो परिणाम आयो भन्नेतर्फ ध्यान दिदा निम्न कारण देखापर्दछन् :

**८.६.१. कार्ययोजना कार्यान्वयन नहुनु :** केन्द्रीय परिषद्को २०७९/०३/१३-१४ मा सम्पन्न प्रथम बैठकबाट त्यस अगाडि गठन भएका कमिटीहरू अध्यावधिक गरी अभिलेख व्यवस्थित गर्ने र कमिटी गठन नभएका पालिका तथा वडाहरूमा तीन महिनाभित्र कमिटी गठन गरिसक्ने; सदस्यता अद्यावधिक एवं नविकरण गर्ने; पार्टी कमिटी र जनसङ्गठनमा सङ्गठित तथा स्थानीय तहमा निर्वाचित सबैलाई पार्टीले आँगालेको सिद्धान्त, कार्यनीति र कार्यदिशा, पार्टीको विकास नीतिलगायत विषयमा प्रशिक्षण दिने; पार्टीको प्रचार कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गले अगाडि बढाउने; पार्टी र जनसङ्गठनका हरेक कमिटीले निर्वाचन परिचालनका लागि विशेष आर्थिक कोष निर्माण गर्ने, विभिन्न प्रकारका जनजागरण अभियान सञ्चालन गर्ने र सम्पूर्ण रूपमा निर्वाचनको तयारीमा जुट्ने जुन कार्ययोजना तय गरिएको थियो त्यसको कार्यान्वयन नै भएन । त्यस कार्ययोजनाको राम्ररी कार्यान्वयन गरिएको भए निश्चय पनि यस्तो परिणाम भोग्नु पर्ने थिएन ।

**८.६.२. पार्टी पङ्क्ति परिचालित नहुनु :** केन्द्रीय परिषद्को बैठकबाट तय गरिएको कार्ययोजना कार्यान्वयन नभएको मात्र होइन त्यसबेला हामीसँग जुन सङ्गठित जन शक्ति थियो त्यो पनि सम्पूर्ण रूपमा परिचालित भएन । माथि उल्लेखित पार्टी र विभिन्न जनसङ्ठनका कमिटीहरूमा सङ्गठित १६६४२६ जना र माथि तथ्याङ्क उल्लेख नभएका विभिन्न जनसङ्गठन, पेशागत सङ्गठन, सामुदायिक सङ्गठन र प्रबासी सङ्गठनमा समेत सङ्गठित जन शक्ति सानो थिएन तर त्यो परिचालित भएन । केन्द्रीय परिषद्को बैठकपछि जारी गरिएको अपानि ७ मा पार्टी र जनसङ्गठनका सबै कमिटीलाई निर्वाचन अभियानमा सम्पूर्ण रूपले परिचालित हुन र पार्टी केन्द्रीय कमिटीका सदस्यहरू, केन्द्रीय आयोगका पदाधिकारी तथा सदस्यहरू, केन्द्रीय सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चका सदस्यहरू, केन्द्रीय परिषद्का सदस्यहरू र जनवर्गीय सङ्गठनका केन्द्रीय पदाधिकारी एवं सदस्यहरू सबै एउटा निश्चित निर्वाचन क्षेत्रमा केन्द्रित भएर काम गर्न

निर्देशन समेत गरिएको थियो तर त्यस अनुसार पार्टी पङ्क्ति परिचालित भएन । उपर्युक्त जन शक्ति सबै चुनाव प्रचार अभियानमा परिचालित भएको भए अवश्य पनि यस प्रकारको कमजोर परिणाम आउने थिएन ।

**८.६.३. गठबन्धनका दलबाट पूर्ण सहयोग नहुनु :** यस पटक हामी गठबन्धनमा रहेर चुनाव लडेका थियौं र हम्रोतर्फबाट गठबन्धनका सबै उम्मेदवारहरूलाई पूर्ण रुपमा सहयोग भएको थियो तर त्यही गठबन्धनमा रहेका अन्य दलहरू, खासगरी नेपाली काँग्रेस र माओवादी केन्द्रबाट भने धेरै निर्वाचन क्षेत्रमा हाम्रा उम्मेदवारहरूलाई पूर्ण सहयोग भएन । उक्त दुवै पार्टीले गठबन्धनबाट हाम्रो पार्टीलाई छुट्याइएका केही क्षेत्रमा पार्टीको टिकटमा नै उम्मेदवार उठाएका थिए भने धेरै क्षेत्रमा तिनै पार्टीबाट बागी उमेदवार खडा भएका थिए र कतिपय क्षेत्रमा हाम्रो प्रतिस्पर्धामा रहेका उम्मेदवारलाई मत दिने काम समेत भएको थियो । गठबन्धनमा रहेका दलहरूबाट भएको यस प्रकारको असहयोगले हाम्रो पक्षमा आउनु पर्ने परिणाम आउन सकेन ।

**८.६.४. उम्मेदवारी नपाउनेको असन्तुष्टि :** हाम्रो पार्टी पङ्क्तिमा व्यक्तिले आफूलाई केन्द्रविन्दुमा राखेर सोच्ने र व्यवहार गर्ने प्रवृत्ति ज्यादा पाइयो । पार्टीको सङ्गठन तुलनात्मक रूपमा जहाँ बलियो छ त्यहाँ नै पार्टीले चुनाव लड्नु पर्छ भन्ने भन्दा पनि खास व्यक्ति रहेको क्षेत्र लिनुपर्छ भनेर जोड गर्ने प्रवृत्ति देखियो । म नै सबैभन्दा बढी योग्य छु, मैले नै उम्मेदवारी पाउनुपर्छ भन्ने दावी र जोडबल बढी गरियो । आफूले उम्मेदवारी नपाएपछि चरम रूपमा असन्तुष्ट भई पार्टी निर्णयको मात्र होइन पार्टीकै विरोध गरी निष्कृय बस्ने र पार्टी नै छाडेर हिड्नेसम्मका व्यवहार भए । प्रत्यक्षतर्फको उम्मेदवारी मात्र होइन समानुपातिक सूचीमा नाम नपर्नेहरूको व्यवहार पनि उस्तै देखियो । आफ्नो वा आफ्नो मान्छेको नाम समानुपातिक सूचीमा नपरेपछि उसैगरी असन्तुष्ट भई निष्कृय बस्ने, पार्टी निर्णयको मात्र होइन पार्टीकै विरोध गर्ने र अर्को पार्टीका उम्मेदवारको लागि मत माग्नेजस्ता अनैतिक कार्य समेत भए । समानुपातिक सूचीमा नाम राख्दा प्राथमिकता क्रममा नराखिएको भनेर पनि असन्तुष्ट भई पार्टी निर्णय र पार्टीको विरोध गर्दै पार्टी नै छाडेर हिड्ने कार्य समेत भयो । सूचीमा केही पछाडी नाम परेकाहरूले आफू सांसदहुने होईन अर्काका लागि किन भोट माग्ने भनेर भोट नमाग्ने गरेको पनि पाईयो । केन्द्रीय तहका नेताहरूबाट समेत भएको यस्तो व्यवहारले हाम्रो पार्टीमा रहेका ती व्यक्तिहरू व्यक्तिगत स्वार्थमा कति निर्लिप्त रहेछन् भन्ने स्पष्ट हुन्छ । पार्टीमा रहेका व्यक्तिहरूबाट भएको यस्तो व्यवहारले पनि निर्वाचनको परिणाममा असर पर्‍यो । समानुपातिक उम्मेदवाहरूको नाम बन्द सूचीमा राख्दा जातीय, अल्पसंख्यक र पिछडिएको क्षेत्रका क्लष्टर मिलाउनु पर्ने हुँदा भौगोलिक सन्तुलन राम्ररी मिलाउन नसकिएको कारणले पनि परिणाममा केही असर पर्‍यो ।

**८.६.५. अवसरवादी प्रवृत्ति** : नेपाली राजनीतिमा अवसरवादी प्रवृत्ति हावी हुँदै गएको छ । नीति, विचार, सिद्धान्त केही पनि नहेर्ने तत्कालै लाभ खोज्ने प्रवृत्ति जतातत‍ै व्याप्त छ । यो प्रवृत्ति नयाँ पुस्तामा झन बढी देखिएको छ । विचार, सिद्धान्त र मूल्य मान्यतासँग नयाँ पुस्ताको रुचि एवं चासो नै देखिदैन । त्यो प्रवृत्ति हाम्रो पार्टीमा पनि कुनै न कुनै रूपमा रहेको छ । त्यसको प्रभाव निर्वाचनको परिणाममा पनि पर्‍यो ।

**८.६.६. पैसाबेगर चल्दै नचल्ने प्रवृत्ति :** पार्टी कमिटी र पार्टी सम्वद्ध जनसङ्गठनहरूमा सङ्गठित नेता तथा कार्यकर्ताहरू नै पैसा नपाई प्रचारमा नहिड्ने प्रवृत्ति आम रूपमा देखियो । पार्टीका लागि होईन आफ्नो लाभका लागि मात्र काम यो प्रवृत्ति कम्युनिष्ट पार्टीका लागि किम्मार्थ सुहाउने कुरा होईन । यस्तो प्रवृत्तिले निर्वाचन परिचालन र प्रचार कार्यमा असर पर्‍यो र परिणाममा पनि हुने कुरै भएन ।

**८.६.७. मुद्दा उठाउन र महत्व बुझाउन नसक्नु :** हामीले जनताका मन छुने तात्कालिक मुद्दा लिएर जनतामाझ जान सकेनौं । संविधानलगायत प्राप्त उपलब्धीको रक्षा, स्थिरता, समृद्धि, निर्वाचन प्रणालीमा सुधार, योजना प्रणालीमा परिवर्तन, आयोजना मर्मत सम्भारका लागि एकीकृत करिडोर निर्माण, भ्रष्टाचारमा

शून्य सहसिलता, समग्र तराई क्षेत्रको सिँचाइका निम्ति पूर्व-पश्चिम महानहरको निर्माणजस्ता जुन महत्वपूर्ण मुद्दा उठाएका थियौं ती मुद्दाका बारेमा जनतालाई यथेष्ठ मात्रामा बताउन र बुझाउन सकेनौं । संविधानको रक्षा भएन भने जनताका के कति अधिकार खोसिन्छन्, मुलुकमा स्थिरता भएन भने विकास निर्माणमा कस्तो असर पर्दछ, समृद्धि किन चाहिन्छ र कसरी हासिल गर्न सकिन्छ, अहिलेको निर्वाचन प्रणालीमा किन सुधार गर्नुपर्छ, योजना प्रणाली किन बदल्नु पर्दछ भन्ने कुरा जनतालाई राम्ररी बुझाउन सकेको भए हाम्रो पक्षमा मात्र होइन गठबन्धनकै पक्षमा योभन्दा धेरै राम्रो परिणाम आउन सक्दथ्यो । त्यो काम हामीबाट मात्र होइन हामी संलग्न रहेको गठबन्धनबाट समेत हुन सकेन, जसको प्रभाव निर्वाचनको परिणाममा पर्न गयो ।

**८.६.८. सरकारबाट अपेक्षित कार्य नहुनु :** हामीले विद्रोह गरेर पार्टी पुनर्गठन गरेको केही समयपछि सङ्घीय सरकार र गण्डकीबाहेक सबै प्रदेश सरकारमा सामेल भएका थियौं । प्रदेश एक र बागमती प्रदेश सरकारको त नेतृत्व नै हामीले गरेका थियौं । हामी विद्रोह गरेर सरकारमा गएको हुनाले हाम्रो पार्टीका नेताहरूले नेतृत्व गरेका सङ्घीय मन्त्रालय र प्रदेश सरकार तथा मन्त्रालयहरूबाट केही न केही राम्रा र जनमुखी काम हुनेछन् भन्ने अपेक्षा पार्टी पङ्क्ति र आम जनतामा समेत थियो तर त्यस अनुरूप जनतामा सकारात्मक प्रभाव पर्नेगरी काम हुन सकेन । कतिपय राम्रा काम भएका भए पनि जनताको मन जित्ने र मत तान्ने गरी ती कामको प्रचार हुन सकेन । सरकारमा पठाइएका कमरेडहरूबाट पार्टी निर्णयको अवज्ञा गर्नेजस्ता कार्य समेत भए । सरकारमा रहेर जनतामा सकारात्मक प्रभाव पर्ने गरी काम हुन नसक्नु र पार्टी निर्णयको अवज्ञा गर्नेजस्ता कार्यको नकारात्मक प्रभाव पर्नुले पनि निर्वाचन परिणाममा असर गर्‍यो ।

**८.६.९. हाम्रा विरुद्ध चर्को प्रहार हुनु :** यस पटकको निर्वाचनमा हाम्रा विरुद्ध विभिन्न कोणबाट अत्यन्त चर्को प्रहार भयो । हामीमाथि तीनतिरबाट त्यस्तो प्रहार भएको थियो । पहिलो, समाजवादी कार्यदिशा आँगालेको हुनाले दक्षिणपन्थीहरूबाट हामीमाथि चर्को प्रहार भयो । दोस्रो, गठबन्धन विरोधीहरूबाट पनि हामीमाथि प्रहार भयो । तेस्रो, एमालेहरूबाट हामीमाथि प्रहार भयो र हाम्रा विरुद्ध ठूलो धनराशी समेत खर्च गरियो । हाम्रा विरुद्ध चर्को प्रहार र ठूलो धनराशीको प्रयोग समेत भएपछि त्यसले परिणाममा असर पार्ने नै भयो ।

**८.६.१०. नकारात्मक प्रचारको प्रभाव :** यस पटक 'पुराना पार्टी र नेताहरूलाई अव फेरि मत दिनु हुँदैन' ( no not again) भनेर व्यापक रूपमा नकारात्मक प्रचार गरिएको थियो । हाम्रो पार्टीका मुख्य नेताहरूको नामै किटेर र फोटा समेत देखाएर त्यस्तो प्रचार गरिएको थियो । साथै 'पुरानाले गरेनन् अब हामी गर्छौं' भन्ने प्रचार पनि त्यत्तिकै व्यापक रूपमा गरिएको थियो । त्यस प्रकारको नकारात्मक प्रचारले मतदातामा प्रभाव पर्‍यो । त्यसका साथै आम मतदातामा पुराना दलहरूप्रति विकर्षण र नयाँ दलहरूप्रति आकर्षण देखियो । हाम्रो पार्टी विद्रोहबाट बनेको भएता पनि जनताले यसलाई नयाँ पार्टी होइन पुरानै पार्टीको रूपमा लिए । आम जनतामा निर्वाचनप्रति नै रुचि घटेको पाईयो । रुची घटेकाले यस पटक कम मतदान भयो । यी सबै कारणले पनि हाम्रो पार्टीले प्राप्त गर्ने परिणाममा असर पर्‍यो ।

**८.६.११. नयाँ मतदाताको रुझान नयाँतर्फ हुनु :** यस पटकको निर्वाचनमा पच्चिस लाख साठी हजार छ सय बत्तिस (२५६०६३२) नयाँ मतदाता थपिएका थिए । यी नयाँ मतदातामा पुराना पार्टी र नेताप्रति विकर्षण तथा नयाँ पार्टी र व्यक्तिप्रति आकर्षण देखियो । 'पुरानालाई होइन नयाँलाई दिउँ' भन्ने नारा व्यापक रूपमा लगाइयो । त्यस नाराले नयाँ मतदाताहरूलाई बढी प्रभावित गर्‍यो र उनीहरूको रुझान नयाँ पार्टी र तिनका उम्मेदवारहरूप्रति रहन गयो । गणतन्त्र स्थापना भएदेखि यताको समयमा युवा तथा विद्यार्थीहरूलाई राजनीतिक र वैचारिक रूपमा प्रशिक्षित, सङ्गठित र परिचालित गर्ने कार्य राम्ररी हुन सकेन जसलेगर्दा स्पष्ट दृष्टिकोण नभएका युवाहरू 'नयाँ र युवाहरूको नेतृत्व' भन्ने नारामा आकर्षित भए र धेरैजसो युवा एवं नयाँ मतदाताहरूको मत रास्वपालाई गयो । विदेशमा रहेका युवाहरूले समेत घरमा फोन गरेर रास्वपाको घण्टीमा मत दिन लगाए । उनीहरूले हामीलाई विश्वास गरेनन् । त्यसलेगर्दा पनि हाम्रो पार्टीले प्राप्त गर्ने परिणाममा असर पर्‍यो ।

**८.६.१२. प्रचारको काम व्यवस्थित नहुँनु :** निर्वाचन केन्द्रीत प्रचारको काम राम्ररी हुन सकेन। प्रचार विभाग प्रमुख आफु स्वयम् उम्मेदवार बन्नु भएकाले प्रचारको काममा सयोजन गर्न भ्याउनु भएन, उप-प्रमुखहरूले पनि आ-आफ्ना पारिवारिक कामले गर्दा निर्वाचनको समयमा प्रचारको कामको संयोजन गर्न सक्नु भएन। जसका कारण सिङ्गो प्रचार विभाग र समाजवादी प्रेस सङ्गठनका साथीहरू पूर्ण रुपमा परिचालित हुनुभएन र हाम्रो पार्टीको प्रचारको काम व्यवस्थित हुन सकेन। अर्को तर्फ यस पटकको निर्वाचनमा सामाजिक सञ्जाल प्रचारको मुख्य माध्ययम बन्यो। सामाजिक सञ्जालको प्रयोग यस निर्वाचनमा धेरै पार्टीहरूले, खासगरी नयाँ पार्टीहरूले व्यापक रुपमा गरेर आफ्नो प्रचार अभियानलाई प्रभावकारी बनाए। हामीले सामाजिक सञ्जालको उपयोग पनि राम्ररी गर्न सकेनौं। हाम्रो आइटी टिम नै भएन। प्रचारको समग्र कामलाई व्यवस्थित गर्न निर्वाचनको सम्मुखमा केन्द्रीय निर्वाचन परिचालन सचिवालयको तर्फबाट क. लक्ष्मण के.सी.लाई प्रचारको कामको संयोजन गर्ने जिम्मेवारी प्रदान गरियो। तर समय अभावको कारण धेरै सामग्री उत्पादन गर्न र व्यापक प्रचारमा लैजान सकिएन।

**८.६.१३. निर्वाचन ज्यादै खर्चिलो हुनु :** अहिलेको निर्वाचन प्रणाली नै ज्यादै खर्चिलो भयो। त्यसमाथि धनाड्यहरूले निर्वाचनलाई झनै महङ्गो बनाए। स्थानीय तहको निर्वाचनका उम्मेदवारहरूले अत्यधिक खर्च गरेको प्रभाव आम मानिसमा परेको थियो। यस पटकको निर्वाचनमा पनि अन्य पार्टीका उम्मेदवारले ठूलो खर्च गरे। हामीले ठूलो खर्च गर्न सकेनौं किनभने पहिलो त हामीले खर्चिलो चुनाव प्रचार अभियान नअङ्गाल्ने भनेका थियौं, दोस्रो हामीसँग पैसा नै थिएन। त्यसले गर्दा पनि परिणाममा प्रभाव पऱ्यो।

**८.६.१४. तालमेल हुँदा समानुपातिकमा असर पर्नु :** यस पटक हामी पाँच दलबिच तामेल गरेर चुनाव लडेका थियौं। यसरी तालमेल गरेर चुनाव लड्दा विभिन्न पार्टीका कार्यकर्ता संयुक्त रूपमा निर्वाचन प्रचार प्रसारमा हिड्नुपर्ने बाध्यताका कारण आफ्नो पार्टी पङ्क्तिलाई राम्रोसँग परिचालन गर्न कठिनाइ हुँदो रहेछ। संयुक्त रूपमा कार्यक्रम गर्दा प्रत्यक्षतर्फको उम्मेदवारसँग मात्र परिचालित हुने अवस्था बन्दो रहेछ। प्रत्यक्षतर्फ हाम्रा उम्मेदवारहरू सिमित स्थानमा मात्रै रहेको र गठबन्धनमा रहेका अन्य दलका उम्मेदवार सहितको संयुक्त कार्यक्रममा पार्टीका निम्ति छुट्टै समानुपातिक मत माग्न अप्ठ्यारो हुँदो रहेछ। त्यसको असर समानुपातिकतर्फको मत परिणाममा पर्न गयो।

**८.६.१५. प्रत्यक्षमा केन्द्रित हुँदा समानुपातिकमा असर :** धेरै दलको गठबन्धनमा रहेर चुनाव लड्दा जहाँ प्रत्यक्षतर्फ आफ्नो पार्टीको उम्मेदवार छ त्यहाँ उक्त उम्मेदवारलाई जिताउन केन्द्रित हुने र पार्टीलाई समानुपातिक मत माग्दा गठबन्धनमा सामेल अन्य दलले प्रत्यक्षको उम्मेदवारलाई असहयोग गर्लान् कि भन्ने त्रास हुँदो रहेछ भने प्रत्यक्षतर्फ उम्मेदवार नहुँदा पार्टीलाई समानुपातिक मत माग्ने लहर सिर्जना गर्न नसकिने रहेछ। प्रत्यक्षतर्फ गठबन्धनको उम्मेदवार भएका क्षेत्रमा अलग्गै विशेष योजना बनाएर पार्टीलाई समानुपातिक मत माग्ने अभियान चलाउनु पर्ने हुन्थ्यो। त्यसो गर्न केन्द्रबाट पटक-पटक निर्देशन दिने, परिचालनका लागि रकम पठाउने र प्रचार सामाग्रीहरु पठाउने काम गरियो। तर त्यसका बाबजूद पार्टी पङ्क्ति परिचालित नहुँदा परिणाममा असर पऱ्यो।

**८.६.१६. निर्वाचन आयोग समेत हाम्रा विरुद्ध हुनु :** स्वतन्त्र र निष्पक्ष रहेर निर्वाचन गराउनु पर्ने अभिभारा सम्हालेको निर्वाचन आयोग आफै हाम्रा विरुद्ध उत्रियो। रूपन्देही २ का हाम्रा उम्मेदवारको उम्म्ेदवारी खारेज गर्ने तर त्यस्तै प्रकृतिको मुद्दा लागेका अन्य पार्टीका उम्मेदवारको भने उम्मेदवारी खारेज नगर्ने, कमरेड अध्यक्षलगायत हाम्रा उम्मेदवारहरूलाई पटक-पटक स्पष्टिकरण सोध्ने र कारबाही चलाउन प्रयत्न गर्ने, लैङ्गिक विवरण नमिलेको भनेर हाम्रो समानुपातिकको बन्दसूचीबाट हटाइएको नाम नहटाई कायमै राख्न सर्वोच्च अदालतले आदेश दिएता पनि उक्त नाम कायम गरिएको सूचना जारी नगर्ने, मतदान केन्द्रमा हाम्रो पार्टीका प्रतिनिधि राख्न नमान्ने जस्ता कार्यबाट निर्वाचन आयोग हाम्रो विरुद्ध ज्यान छाडेर लागेको थियो भन्ने स्पष्टहुन्छ।

## ८.७. निर्वाचनबाट प्राप्त उपलब्धि र शिक्षा

विभिन्न प्रकारका समस्या र कमी कमजोरीका बाबजुद यस निर्वाचनबाट केही उपलब्धि पनि हासिल भएको छ । यस निर्वाचनबाट प्रतिनिधि सभामा प्रत्यक्षतर्फ निर्वाचित १० जना र प्रदेश सभामा प्रत्यक्षतर्फ निर्वाचित १५ तथा समानुपातिक ९ गरी जम्मा २४ जना सदस्य निर्वाचित हुनुभएको छ । यो सानै भए पनि उपलब्धि हो ।

यस निर्वाचनबाट प्राप्त सबैभन्दा ठूलो शिक्षा भनेको सफलता प्राप्त गर्नका लागि बलियो र व्यवस्थित सङ्गठन अनिवार्य छ भन्ने हो । त्यसबाहेक आर्थिक एवं स्रोत साधनको व्यवस्थापन हुनुपर्ने, जनताको मन छुने खालका प्रभावकारी प्रचार सामग्रीहरू हुनुपर्ने रहेछ भन्ने जस्ता शिक्षा पनि यस निर्वाचनले हामीलाई दिएको छ । यी शिक्षा हामीले पहिले पनि प्राप्त गरेकै शिक्षा हुन् तथापि यस निर्वाचनका माध्यमबाट पुनर्ताजगी भएको छ । यस पटकको निर्वाचनले आम जनतामा पुराना स्थापित दलहरूप्रति विकर्षण र नयाँ दलहरूप्रति आकर्षण बढेको देखायो । पुराना दलहरू रूपान्तरित नहुने हो र परम्परागत ढङ्गले नै चल्ने हो भने उनीहरूप्रतिको विकर्षण अझै बढ्दै जाने देखिन्छ । यो पनि यस निर्वाचनबाट प्राप्त भएको एउटा शिक्षा हो ।

## ९. आगामी कार्ययोजना

हामीले पार्टी कामलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न स्पष्ट कार्ययोजनाको खाँचो पर्ने मान्यता राखी सदैव ठोस कार्ययोजना बनाएर काम गर्ने गरेका छौँ । कार्ययोजना तात्कालिक ठोस राजनीतिक परिस्थिति अनुरूपको हुनुपर्दछ । अहिलेको ठोस राजनीतिक परिस्थिति भनेको केही समय अगाडि सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको परिणामपश्चात् उत्पन्न विशिष्ट राजनीतिक परिस्थिति हो । निर्वाचनको परिणामले मुलुकको राजनीतिक शक्ति सन्तुलनमा केही फेरबदल ल्याएको छ । पुराना राजनीतिक दलहरूको प्रभाव केही घटेको छ । बुर्जुवा चरित्रका केही नयाँ राजनीतिक दलहरू प्रकट भएका छन् । वामपन्थी शक्तिहरू पहिलेको तुलनामा कमजोर देखिएका छन् । हाम्रो पार्टी पनि अनुमान गरिएभन्दा कमजोर देखिएको छ । एमाले, माओवादी, राप्रपा र रास्वपा सम्मिलित वाम-दक्षिणपन्थी गठबन्धन बनेको छ र त्यही गठबन्धनले सरकार बनाएको छ । संसदको सबैभन्दा ठूलो दल नेपली काँग्रेस प्रतिपक्षमा बसेको छ र हाम्रो पार्टी पनि प्रतिपक्षमा छ । आजको ठोस परिस्थिति यही हो । यस ठोस परिस्थितिमा कस्तो कार्ययोजना तय गरेर अगाडि बढ्ने हो भन्ने प्रश्न खडा भएको छ । कार्य योजनामा जहिले पनि सङ्गठनात्मक काम, विचारधारात्मक काम र प्रचारात्मक काम मुख्य रूपमा रहने गर्दछन् । यतिबेला हामीले निम्नानुसारको कार्ययोजना बनाएर हाम्रा कामलाई अघि बढाउनु पर्दछ :

**९.१. सङ्गठनात्मक काम :** एउटा कम्युनिष्ट पार्टी हरदम क्रियाशील, सुव्यवस्थित, अनुशासित र चुस्त दुरुस्त हुनु पर्दछ । अहिले विद्यमान पार्टी कमिटी र जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठनका कमिटीहरू एकदमै भद्दा छन् र क्रियाशील छैनन् । तिनीहरू सुव्यवस्थित र अनुशासित पनि छैनन । सबै पार्टी कमिटी र जनसङ्गठनका कमिटीहरूलाई क्रियाशील, सुव्यवस्थित, अनुशासित र चुस्त-दुरुस्त बनाउनका लागि सङ्गठन विभागबाट प्रस्तावित निम्न काम गर्नु आवश्यक छ :

### क. पार्टी कमिटीहरू अद्यावधिक गर्ने :

१. २०७९ फागुन ७ गतेभित्र पार्टीका प्रदेश तथा जिल्ला कमिटीहरूको बैठक बसी बैठकमा उपस्थित हुने र कुनै कारणवश उपस्थित हुन नसकेको जानकारी गराउने कमरेडहरूको संख्या एकीन गर्ने र त्यस्ता कमरेडहरू मात्रै कमिटीमा रहने गरी कमिटीलाई अद्यावधिक गर्ने ।

२. २०७९ फागुन १५ गतेभित्र पार्टीका सबै पालिका/विशेष इलाका तथा वडा/शाखा कमिटीको बैठक बसी बैठकमा उपस्थित हुने र कुनै कारणवश उपस्थित हुन नसकेको जानकारी गराउने

कमरेडहरूको संख्या एकीन गर्ने र त्यस्ता कमरेडहरू मात्रै कमिटीमा रहने गरी कमिटीलाई अद्यावधिक गर्ने ।

३. उपरोक्त बमोजिम अद्यावधिक गरिएका कमिटीहरूको नामावली २०७९ फागुन मसान्तसम्म केन्द्रीय सङ्गठन विभागमा पठाइसक्ने ।

**ख. सदस्यता नविकरण तथा वितरण गर्ने :**

१. कमिटी अद्यावधिक गर्दा नै कमिटीमा सङ्गठित कमरेडहरूको सङ्गठित पार्टी सदस्यता नविकरण गर्ने ।

२. २०७९ चैत्र मसान्तभित्र पार्टीमा आवद्ध सबै कमरेडहरूको सङ्गठित पार्टी सदस्यता नविकरण गरिसक्ने ।

३. २०७९ चैत्र मसान्तभित्र सङ्गठित पार्टी सदस्यता नविकरण गरेका र नयाँ प्राप्त गरेका कमरेडहरूले मात्र पार्टीका वडा/शाखा, पालिका/विशेष इलाका र जिल्ला अधिवेशनमा भाग लिन पाउने व्यवस्था गर्ने ।

४. जिल्ला कमिटीहरूले नविकरण तथा नयाँ वितरण गरिएका सदस्यहरूको विवरण अनुमोदनका लागि २०८० वैशाख ५ गतेभित्र प्रदेश कमिटीमा पठाउने र प्रदेश कमिटीहरूले प्रमाणिकरण गर्न तथा अभिलेख राख्नका लागि २०८० वैशाख १० गतेभित्र केन्द्रीय सङ्गठन विभागमा पठाउने ।

५. 'एक वडा एक सय सङ्गठित सदस्य र एक हजार पार्टी सदस्य' निर्माण गर्ने लक्ष्य पूरा गर्न पार्टी सदस्यता र सङ्गठित पार्टी सदस्यता वितरण अभियान निरन्तर सञ्चालन गर्ने ।

**ग. पार्टी कमिटी गठन :**

१. कमिटी गठन हुन बाँकी पालिका/विशेष इलाकामा २०७९ फागुन मसान्तभित्र कमिटी गठन गरिसक्ने ।

२. कमिटी गठन हुन बाँकी वडामा पनि २०७९ फागुन मसान्तभित्रै कमिटी गठन गरिसक्ने ।

**घ. जनसङ्गठनहरूको पुनर्गठन :**

१. सबै जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनका कमिटीहरूलाई सम्मेलन/ अधिवेशन आयोजक कमिटीमा रूपान्तरण गर्ने ।

२. प्रकृति मिल्दा जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनका विधानमा एकरूपता ल्याउन पार्टीको केन्द्रीय संगठन विभागले एक कार्यदल गठन गर्ने छ । उक्त कार्यदलले आफ्नो काम एक महिनाभित्रमा सम्पादन गरिसक्ने छ ।

३. २०७९ चैत्र मसान्तभित्र सबै जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनका जिल्ला सम्मेलन/अधिवेशन गरिसक्ने,

४. २०७९ वैशाख मसान्तभित्र सबै जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनका प्रदेश सम्मेलन/अधिवेशन गरिसक्ने ।

५. २०८० जेठ मसान्तभित्र सबै जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनका राष्ट्रिय सम्मेलन/अधिवेशन/महाधिवेशन गरिसक्ने ।

६. सम्पर्क मञ्च र प्रबासी नेपाली मञ्चहरूका अधिवेशनहरू पनि कार्यतालिका बनाएर जेठ मसान्तभित्र गरिसक्ने ।

### ङ. सङ्गठन सुदृढीकसण विशेष अभियान :

माथि उल्लेखित नियमित कार्यका साथै एउटा **'सङ्गठन सुदृढीकरण विशेष अभियान'** सञ्चालन गर्ने । एक महिने उक्त अभियानमा कमिटी नबनेको पालिका र वडामा कमिटी गठन गर्ने, कमिटी बनेको भए त्यसको बैठक बसी अध्यावधिक गर्ने, जनसङ्गठनका कमिटी गठन गर्ने, पार्टी सदस्यता र सङ्गठित पार्टी सदस्यता अध्यावधिक तथा नविकरण गर्ने, नयाँ सदस्यता वितरण गर्ने, प्रशिक्षण सञ्चालन गर्ने, आम भेला गरी पार्टीका धारणा राख्नेलगायतका कार्य गरिने छ । यो अभियान सञ्चालन गर्न प्रत्येक पालिकामा एक सहजकर्ता खटाइने छ र प्रत्येक जिल्ला तथा प्रदेशमा अनुगमनकर्ता समेत खटाइने छ। अभियानको खाका अनुसूचीमा दिइएको छ ।

**९.२. विचारधारात्मक काम :** विचार पार्टी निर्माणको मूल आधार हो । पार्टी विचारशून्य भयो भने त्यसको चरित्र नै समाप्त हुन्छ भन्ने हाम्रो दृढ विश्वास हो । त्यसैले जहिले पनि विचारधारात्मक काममा जोड दिने गरेका छौँ । पार्टीले अँगालेको सिद्धान्त, विचार, नीति र दृष्टिकोण स्पष्ट पार्ने, पार्टीको सङ्गठनात्मक सिद्धान्त र पद्धतिबारे प्रष्ट पार्ने र पार्टीका नेता र कार्यकर्ताको आचरण र व्यवहारबारे स्पष्ट पार्ने गरी प्रशिक्षण कक्षा सञ्चालन गर्दै आएका छौँ । प्रशिक्षण नै पार्टी पङ्क्तिमा विचार प्रवाह गर्ने र पार्टीले अँगालेको विचार स्थापित गर्ने माध्यम भएकाले सघन रूपमा प्रशिक्षण चलाउन नियमित पार्टी स्कुल सञ्चालन गर्नुपर्दछ । त्यसका लागि पार्टी स्कूल विभागबाट प्रस्तावित निम्नानुसारका प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्दछ :

९.२.१. फागुन ७ गतेभित्रमा सबै प्रदेश र जिल्ला पार्टी स्कुल विभाग गठन गरी बैठक गरिसक्नु पर्नेछ ।

९.२.२. प्रदेश स्तरमा चैत्र मसान्त भित्रमा ३ देखि ५ दिनको आवसीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । यो प्रशिक्षणमा प्रत्येक सङ्घीय निर्वाचन क्षेत्रबाट कम्तिमा एकजना पर्ने गरी सैद्धान्तिक एवम् वैचारिक काममा रुची राख्ने नेता तथा कार्यकर्ताहरूलाई छनौट गर्नु पर्नेछ ।

९.२.३. वैशाख मसान्त महिनाभित्र जिल्लातहमा कम्तिमा २ दिने प्रशिक्षण सञ्चालन गर्ने ।

९.२.४. केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम उपयुक्त समय मिलाएर सञ्चालन गर्ने ।

९.२.५. पार्टी एकीकरणका प्रक्रियाबाट पार्टीमा समाहित हुनुभएका कमरेडहरू, केन्द्रीय विभागमा रहनु भएका कमरेडहरू, जनसंगठन एवम् उपत्यकाका जिल्ला/विशेष जिल्ला कमिटीमा सङ्गठित कमरेडहरू र प्रारम्भिक पार्टी स्कुलको समेत कक्षा लिन बाँकी रहेका कमरेडहरूलाई ध्यानमा राखेर यही चैत्र महिनादेखी विहानको समयमा पार्टी केन्द्रीय कार्यालयमा नियमित रूपमा पार्टी स्कुल सञ्चालन गर्ने ।

९.२.६. प्रवास कमिटीहरूमा सङ्गठित कमरेडहरू र जिल्ला कमिटीका पदाधिकारीहरूका लागि जुममार्फत विशेष प्रशिक्षण कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।

९.२.७. प्रत्येक तहका बैठकमा राजनीतिक तथा वैचारिक विषयहरूमाथि छलफल गरेर तपशिलमा उल्लिखित विषयहरू समावेश गरी 'बैठक प्रशिक्षण' सञ्चालन गर्ने :

- कम्युनिष्ट पार्टी के हो ?
- कम्युनिष्ट पार्टीको बैठक कसरी सञ्चालन गर्ने ?
- माइन्युट कसरी लेख्ने ? छलफल कसरी चलाउने ?
- कम्युनिष्ट पार्टीमा लोकतन्त्र (जनवाद) को प्रयोग कसरी गरिन्छ ?
- अन्तरविरोधहरू कसरी सञ्चालन गर्ने ?
- नेता, कार्यकर्ता र जनताको सम्बन्ध कस्तो हुनुपर्छ ?

- पार्टी विधानका महत्वपूर्ण प्रावधानहरू ।
- जनसंघर्षका स्थानीय मुद्दाहरू र संघर्षका रूपबारे छलफल चलाउने ।
- आलोचना आत्मालोचना ।
- वर्तमान परिस्थितिको विश्लेषण ।

९.२.८. समाजवादी क्रान्तिको कार्यक्रम र कार्यदिशा आँगालेको कम्युनिष्ट पार्टी कस्तो हुनुपर्छ भन्ने बारेमा छलफल चलाउने ।

उपर्युक्त प्रशिक्षण र छलफलका लागि निम्न प्रकारका प्रशिक्षण सामग्री तयार गर्ने :

क. पार्टीको सिद्धान्त, कार्यनीति र कार्यदिशा ।
ख. पार्टीको सङ्गठनात्मक सिद्धान्त र कार्यपद्धति ।
ग. मार्क्सवादी अर्थशास्त्र र पार्टीको आर्थिक नीति ।
घ. समाजको विकासक्रम र वर्तमान नेपाली समाज ।
ङ. पार्टीको विकास नीति ।
च. कम्युनिष्ट नेता तथा कार्यकर्ताको आचार व्यवहार र जीवनशैली ।
छ. स्थानीय तहमा विकासका योजना तर्जुमा र सञ्चालन ।

**९.३. प्रचारात्मक काम :** राजनीतिक र साङ्गठनिक कार्यको सञ्चालनका सन्दर्भमा प्रचारको ज्यादै ठुलो महत्व हुन्छ तर यस महत्वपूर्ण कामलाई हामीले अहिलेसम्म व्यवस्थित रूपमा अगाडि बढाउन सकेका छैनौं । अब यस्तो स्थितिको तुरुन्तै अन्त्य हुनुपर्दछ । त्यसका निम्ति तत्काल निम्न काम गर्नुपर्दछ :

क. केन्द्रीय तहमा निर्माण गरिएको पार्टीको वेभसाइट र न्युज पोर्टललाई अझै व्यवस्थित एवं व्यापक र प्रभावकारी बनाउने ।

ख. कलम न्युज डटकमलाई व्यापक बनाउने । त्यसका लागि जिल्ला प्रतिनिधिहरूले ताजा समाचारहरू पठाउने र पार्टी नेताहरूले लेख रचनाहरू दिएर सहयोग गर्ने । त्यसका लागि मुख्य रुपमा पार्टीका स्थानीय कमिटीको प्रचार विभागमा रहेका कमरेडहरू र समाजवादी प्रेस संगठनमा आवद्ध कमरेडहरू परिचालित हुने र सहयोग गर्ने ।

ग. पार्टीको मुखपत्र 'समाजवाद' को पहिलो अङ्क प्रकाशित भएको छ । त्यसलाई नियमित रूपमा प्रकाशित गर्दै जाने ।

घ. प्रदेश तथा स्थानीय कमिटीहरूले आफ्नो तहमा प्रचार विभाग गठन गर्ने र त्यहाँबाट प्रचारको ठोस योजना बनाएर प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने ।

ङ. समाजवादी प्रेस सङ्गठनका कमिटी नबनेका जिल्लामा यथाशिघ्र कमिटी गठन गर्ने ।

च. पार्टीका स्थानीय कमिटी र समाजवादी प्रेस सङ्गठनका कमिटीको सहभागितामा प्रचार प्रशिक्षण अभियान सञ्चालन गर्ने ।

छ. सामाजिक सञ्जाल सञ्चालन गर्ने रणनीति तयार गरी कार्यान्वयन गर्ने र सामाजिक सञ्जालमा रहेका पार्टीका आधिकारिक पेज, च्यानल र आईडीहरू फलो, सब्स्क्राइभ र लाईक गर्न सम्पूर्ण पार्टी पङ्क्तिलाई लगाउने ।

**९.४. आर्थिक काम :** आर्थिक काम पार्टी कामको अर्को एक महत्वपूर्ण पक्ष हो । आर्थिक आधारविना कुनै पनि काम हुन सक्तैन । त्यसैले हरेक पार्टी कमिटीले आफ्नै आर्थिक कोष निर्माण गर्नु पर्दछ । त्यसका निम्ति पार्टी सदस्यहरूबाट लिइने सदस्यता शुल्क तथा लेवीका अतिरिक्त विभिन्न प्रकारका स्रोत र

सहयोगदाताहरूको खोजी गर्नु पर्दछ । केन्द्रमा सङ्घीय सांसदहरूबाट उनीहरूले पाउने पारिश्रमिकको करिव २० प्रतिशत (मासिक १२ हजार) लेवी लिने गरेको छ । यसरी नै प्रदेश कमिटीले प्रदेश सभाका सदस्यसँग र जिल्ला कमिटीले स्थानीय तहमा गएका पार्टी सदस्यहरूसँग लेवी लिनु पर्दछ । विभिन्न राजनीतिक नियुक्तिमा गएका व्यक्तिहरूसँग पनि लेवी लिनु पर्दछ । साँस्कृतिक कार्यक्रमलगायल विभिन्न रचनात्मक कार्य गरेर पनि आर्थिक सङ्कलन गर्नु पर्दछ ।

**९.५. कार्यालय व्यवस्थापन :** कार्यालय पार्टी कामको केन्द्र हो । त्यो जनताले पार्टीसँग सम्पर्क गर्ने सम्पर्कस्थल पनि हो । त्यसैले जहाँ पार्टी छ त्यहाँ पार्टी कार्यालय हुनै पर्दछ । पार्टी कामलाई व्यवस्थित गर्नका निम्ति केन्द्र, प्रदेश, जिल्ला र पालिका तहमा पार्टी कार्यालयको स्थापना र सञ्चालन गर्नु पर्दछ । केन्द्र, प्रदेश र जिल्लामा नियमित रूपमा खोल्ने व्यवस्थित कार्यालय हुनु पर्दछ । भवन लिएर कार्यालय चलाउन सकिने अवस्था नभएको स्थानीय तहमा कमिटी प्रमुखको घरमा पार्टीको झण्डा र बोर्ड राखेर भए पनि पार्टी कार्यालय सञ्चालन गर्नु पर्दछ ।

**९.६. अभिलेख व्यवस्थापन** : पार्टी निर्माण र परिचालनको अर्को एक महत्वपूर्ण काम अभिलेख व्यवस्थापन गर्नु हो तर हाम्रो अभिलेख प्रणाली व्यवस्थित हुन सकेको छैन । पार्टी निर्माण र परिचालन गर्ने तर अभिलेख व्यवस्थित नगर्ने हो भने गरिएका कामको लेखाजोखा नै हुँदैन । प्रदेश तथा स्थानीय कमिटीहरूबाट केन्द्रमा आउनु पर्ने कार्य प्रगति प्रतिवेदनहरू नियमित रूपमा नआएकाले केन्द्रीय अभिलेख नै व्यवस्थित गर्न सकिएको छैन ।  यस्तो अवस्थाको अब अलिम्व अन्त्य गर्नुपर्दछ । हरेक कमिटीले आफ्नो तहको अभिलेख व्यवस्थित गर्ने र माथिल्लो कमिटीमा नियमित रूपमा रिपोर्टहरू पठाउने काम गर्नुपर्दछ । अभिलेख व्यवस्थित गर्नका लागि तत्काल निम्न काम गर्ने :

क. २०७९ फागुन मसान्तभित्र सम्पूर्ण पार्टी कमिटीहरूको अभिलेख (सदस्यहरूको नामसहित) तयार गर्ने ।

ख. २०७९ चैत्र मसान्तभित्र पार्टी सदस्यता र सङ्गठित पार्टी सदस्यता नवीकरण गरी अभिलेख तयार गर्ने ।

ग. विभिन्न पार्टीबाट हाम्रो पार्टीमा एकताबद्ध भएका व्यक्तिहरूलाई पार्टी नियमावलीको अनुसूची ३ मा रहेको व्यक्तिगत विवरण फारम भर्न लगाई अभिलेख राख्ने ।

**९.७. कार्यशैलीमा सुधार :** कार्यशैलीको सवाल पार्टीको निर्माण र सञ्चालन कसरी गर्ने भन्ने सवाल भएकाले कम्युनिष्ट पार्टीको निर्माण र सञ्चालनमा कार्यशैलीको ज्यादै ठुलो महत्व छ किनभने यस सन्दर्भमा सबैभन्दा मुख्य प्रश्न पार्टीको निर्माण र सञ्चालन व्यक्तिगत ढङ्गले गर्ने कि संस्थागत ढङ्गले गर्ने भन्ने हो । कम्युनिष्ट पार्टी निर्माणको एउटा मान्यता 'कम्युनिष्ट पार्टी नेता प्रधान होइन, नीति प्रधान हुन्छ' भन्ने हो भने अर्को मान्यता 'कम्युनिष्ट पार्टीमा व्यक्ति प्रधान होइन, संस्था प्रधान हुन्छ' भन्ने हो । कम्युनिष्ट पार्टी कमिटी प्रणालीमा चल्ने पार्टी हो । पार्टी विधि, पद्धतिमा र संस्थागत ढङ्गले चलेन भनेर विद्रोह गरेका हामी व्यक्तिवादी ढङ्गले कसरी चल्न सक्छौं ? कदापि सक्तैनौं । कार्यशैलीको अर्को पक्ष पार्टीका नेता तथा कार्यकर्ताको आचरण, व्यवहार र जीवनशैलीको पक्ष हो । कम्युनिष्ट पार्टी श्रमजीवी वर्ग अर्थात् मजदुर-किसान वर्गको हितमा काम गर्ने पार्टी हो । यो पार्टी श्रमजीवी वर्ग चरित्रको हुनुपर्दछ र यस पार्टीका नेता तथा कार्यकर्ताको आचरण, व्यवहार र जीवनशैली जनपक्षीय हुनु पर्दछ । त्यसैले हामीले हाम्रो कार्य शैलीमा सुधार गर्नै पर्दछ र त्यसका लागि निम्न कार्य गर्नुपर्दछ :

क. पार्टीको विधि र पद्धतिलाई कडाइका साथ लागु गर्ने ।

ख. पार्टीलाई सम्पूर्ण रूपमा संस्थागत ढङ्गले सञ्चालन गर्ने ।

ग. व्यक्तिवादी कार्यशैली अवलम्बन नगर्ने ।

घ. श्रमजीवी वर्गीय आचरण प्रष्ट देखिने गरी व्यवहार गर्ने ।

ङ. सादा जीवन र उच्च विचारको जीवनशैली अवलम्बन गर्ने ।

च. पार्टीले अँगालेको सिद्धान्त अनुरूपको व्यवहार गर्ने ।

**९.८. मूल्याङ्कन पद्धति लागू गर्ने :** पार्टीमा कामको मूल्याङ्कन गर्ने स्पष्ट वैज्ञानिक पद्धति निर्माण हुन नसकेको कारणले पनि नेता तथा कार्यकर्ताको कार्यमूल्याङ्कनमा अप्ठ्यारो पर्ने गरेको छ । त्यसैले पार्टी कामलाई अझै प्रभावकारी एवं व्यवस्थित बनाउनका लागि एउटा स्पष्ट वैज्ञानिक कार्यमूल्याङ्कन पद्धति निर्माण गर्ने र त्यसै पद्धतिबाट मूल्याङ्न गरी जिम्मेवारी प्रदान वा हेरफेर गर्ने कार्यप्रणाली स्थापित गर्नुपर्ने आश्यकता छ। त्यसका लागि एउटा व्यक्तिगत मूल्याङ्कन फारम तयार गरिएको छ । प्रत्येक नेता तथा कार्यकर्ताले उक्त फारममा आफ्नो व्यक्तिगत कार्य सम्पादन विवरण भरेर आफू सङ्गठित कमिटीमा नियमित रूपमा बुझाउने परिपाटी बसाल्न, पर्दछ । मूल्याङ्कन फारम अनुसूचीमा दिइएको छ ।

**९.९. जनजागरण अभियान :** पार्टीको प्रभाव विस्तारका लागि सङ्गठन निर्माणका साथसाथै विभिन्न प्रकारका जन जागरण अभियान पनि सञ्चालन गर्नु आवश्यक छ। हामीले समाजमा रहेका विभिन्न समस्यालाई लिएर जनजागरण अभियान सञ्चालन गर्न सक्छौं । पार्टी कमिटी र पार्टी सम्बद्ध जनसङ्गठनहरूले निम्न प्रकारका जागरण अभियान सञ्चालन गर्ने :

क. भ्रष्टाचार र कमिसनतन्त्र विरोधी जागरण अभियान ।

ख. जातीय विभेद र छुवाछुत विरोधी जागरण अभियान ।

ग. महिलमाथि हुने उत्पीडन र यौनहिंसा विरोधी जागरण अभियान ।

घ. सुशासन र पारदर्शितासम्बन्धी जागरण अभियान ।

ङ. उद्यमशीलता सम्बन्धी जागरण अभियान ।

च. विकास निर्माणसम्बन्धी जागरण अभियान ।

**९.१०. वाम एकता तथा मोर्चा निर्माण :** वर्तमान नेपाली समाजमा आमूल परिवर्तन गरेर समाजवाद निर्माण गर्नका निम्ति एउटा बलियो कम्युनिष्ट शक्तिको आश्यकता छ । नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध नगरी त्यो बलियो कम्युनिष्ट शक्ति निर्माण हुन सक्तैन । यही मर्मलाई आत्मसात् गरेर हामीले पार्टी पुनर्गठन अभियान सुरुगर्दा नै नेपालको वाम आन्दोलनलाई एकताबद्ध बनाउनु पर्ने अवधारणा अगाडि सरेका थियौं र केन्द्रीय कमिटीको प्रथम बैठक (२०७८ असोज ५-७) बाट पारित राजनीतिक प्रस्तावमा "वामपन्थी शक्तिहरूबिच सहकार्यको भावना विकास गर्नु र मोर्चा बनाएर काम गर्दै गई पार्टी एकताका आधारहरू निर्माण गर्नु पनि आजको एउटा महत्वपूर्ण राजनीतिक कार्यभार हो" भनेर उल्लेख गरेका थियौं । यो कार्यभार वहन गर्नुपर्ने दायित्व आज पनि हाम्रो काँधमा छ तर के स्पष्ट हुनु पर्दछ भने हामी गैर कम्युनिष्ट पार्टी बन्न सक्तैनौं । पार्टी एकता हुनका निम्ति पार्टीको नाम कम्युनिष्ट पार्टी, मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद, जनवादी केन्द्रीयताको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता र समाजवादी कार्यक्रम एवं कार्यदिशा मुख्य आधार हुन् । यी मुख्य आधारमा एकरूपता नभइकन पार्टी एकता हुन सक्तैन । सहकार्य, कार्यगत एकता र मोर्चाबन्दी भने तात्कालिक राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक मुद्दाहरूमा दृष्टिकोण मिल्नेहरूका बिच गर्न सकिन्छ । त्यसका निम्ति हामीले पहल गर्नु पर्दछ ।

उपर्युक्त कार्ययोजना कार्यन्वयन गर्नका निम्ति पार्टी नेताहरूको कार्यविभाजनमा आवश्यक हेरफेर गर्ने र अनुगमनको पनि व्यवस्था गर्ने ।

**प्रिय कमरेडहरू,**

यतिबेला हामी इतिहासको एउटा विशिष्ट मोडमा छौँ । हालै सम्पन्न निर्वाचनपश्चात् मुलुकको स्वतन्त्रता र स्वाभिमानको रक्षा, लोकतन्त्रको रक्षा र विकास, नेपाली क्रान्तिका उपलब्धिहरूको रक्षा र थप विकास एवं विस्तार गर्ने जस्ता गहन जिम्मेवारीहरू बहन गर्न हामी झनै जिम्मेवार हुनुपर्ने र कठोर मिहेनत गर्नुपर्ने अवस्था सिर्जना भएको छ । अर्कोतर्फ पार्टीलाई नयाँ ढङ्गले पुनर्गठन एवं रूपान्तरण गरेर नेपाली कम्युनिष्ट आन्दोलनलाई विसर्जनको दिशामा जानबाट रोक्ने र समाजवादी क्रान्तिको कार्यदिशालाई सशक्त ढङ्गले अगाडि बढाउने दायित्व पनि हाम्रो काँधमा छ । यी गहन जिम्मेवारी र दायित्व बहन गर्न हामी सुव्यवस्थित रूपमा सङ्गठित एवं परिचालित हुनुपर्दछ । हामीले पहिलेदेखि नै भन्दै आएका छौँ कि हाल नेपाली राजनीतिमा व्याप्त व्यक्तिवादी अहङ्कारवाद, दक्षिणपन्थी अवसरवाद, विसर्जनवाद, चरम गुटबन्दी र निरङ्कुश एवं स्वेच्छाचारी प्रवृत्तिका विरुद्ध तिखो वैचारिक सङ्घर्ष सञ्चालन गरेर मात्रै उपर्युक्त जिम्मेवारीहरू पूरागर्न र दायित्व वहन गर्न सक्ने छौँ । त्यसैले आउनोस् हातमा हात र काँधमा काँध मिलाएर उपर्युक्त गहन जिम्मेवारी पूरागर्न र दायित्व वहन गर्न दृढ सङ्कल्पित भएर अगाडि बढौँ । नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा, विकास र एकताको अभियानलाई सफलतामा पुऱ्याउने र समाजवादको झण्डालाई माथि उठाउने महान अभियानमा दृढ विश्वासका साथ जुटौँ । नेता तथा कार्यकर्ताको सक्रियतामा सशक्त सङ्गठित शक्तिको निर्माण र परिचालनमा नै सफलता निर्भर गर्दछ । सशक्त सङ्गठित शक्ति निर्माण गरेर दृढ निश्चय र गतिशीलताका साथ हामी अगाडि बढ्यौँ भने सफलता सुनिश्चित छ ।

क्रान्तिकारी अभिवादन सहित !

माधवकुमार नेपाल
अध्यक्ष

२०७९/१०/२१